# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समाज भाषा विज्ञान, भाषा विज्ञानको शाखाको रूपमा आएको हो । भाषाको समाज परक अध्ययन समाज भाषा विज्ञान हो । आजको समाज भाषा निरपेक्ष भएर बाँच्न सक्दैन । समाजको उन्नति, प्रगतिका निमित्त मात्र भाषा आवश्यक हुने होइन । समाजलाई बचाउन पनि भाषा नै चाहिन्छ । समाजको अनिवार्य अङ्गका रूपमा भाषालाई लिएर समाज भाषिक सन्दर्भमा हुने भाषाका अध्ययन सामाजिक भाषा विज्ञान हो (ढकाल, २०४६) : ३२) । फरक समुदायबाट आएका मानिसहरूको बसोबास समाजमा रहने हुँदा ती समुदायमा रहने व्यक्तिहरू वा मानिसहरूले के कस्तो भाषा प्रयोग गर्दछन् तथा ती समुदायको फरक फरक मूल्य र मान्यताको अध्ययन समाज भाषा विज्ञानले गर्दछ ।

समाज विना भाषाको अस्तित्व नै रहँदैन भने समाजको विकाससँगै भाषाको पनि विकास हुँदै जान्छ र समाज अनुसार भाषाको प्रयोग फरक फरक हुन्छ । यसरी सामाजिक दृष्टिले भाषाको अध्ययन गर्ने विधा नै सामाजिक भाषा विज्ञान हो (भण्डारी र पौड्याल, २०६८ :२) । सामाजिक भाषा विज्ञानले भाषिक अध्ययनलाई सामाजिक परिप्रेक्ष्यमा हेर्दछ ।

भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको माध्यम भएकाले समाजमा के कस्ता सन्दर्भमा कसरी प्रयोग हुन्छ भन्ने कुराको अध्ययन समाज भाषा विज्ञानले गर्दछौं । भाषा विज्ञानलाई सुरूमा भाषाशास्त्र भनिन्थ्यो भने सन् १९६० पछि भाषाको अध्ययन गर्ने शास्त्रलाई भाषा विज्ञान भनिएको पाइन्छ । भाषा समाजको सम्बन्धमा भाषा नीति र योजनालाई भाषाका भेदहरू जस्ता समाजमा प्रत्यक्ष सरोकार राख्ने भाषाका विभिन्न पक्षहरूको अध्ययन समाज भाषा विज्ञानमा हुन्छ । सामाजिक भाषा विज्ञानले समाजमा विद्यमान भाषाहरूको अध्ययन गरी सामाजिक परम्पराको बोध गराउँदछ ।

भाषालाई सामाजिक प्रतीकको रूपमा मान्नुका साथै सम्पर्क भाषा मानक भाषा प्रयोग जस्ता पक्षको अध्ययन गर्ने विज्ञानलाई सामाजिक भाषा विज्ञान भनिन्छ (न्यौपाने, २०६२ : १०९) । तसर्थ यसको कुनै खास सन्दर्भ र परिस्थितिमा हुने गर्दछ । वक्ता र स्रोतका

कुराकानीका सन्दर्भमा वक्ता र स्रोता बिचको सामाजिक स्तर र तिनीहरूको वर्ग, जाति, धर्म, पेसा जस्ता कुराहरू सम्बन्धित भइरहेका हुन्छन् । यसरी भाषाको सम्बन्ध अपरिहार्य देखिएकाले समाज भाषिक अध्ययनको अस्तितत्व बढी मात्रामा रहेको छ । समाज भाषा विज्ञानले भाषाको प्रयोग पक्षलाई जोड दिन्छ ।

भाषामा समाजको भूमिका व्यक्ति र भाषाको सम्बन्ध जस्ता पक्षलाई आधार बनाएर भाषाका माध्यमबाट समाजको अध्ययन गर्ने र समाजको आधारमा साहित्यका भाषाको स्वरूप निर्धारण गर्नु आवश्यक देखिन्छ । *'निर्वाण'* उपन्यासको समाज भाषिक अध्ययन पनि अहिलेसम्म भएको छैन । त्यसैले उपन्यासमा प्रयोग भएका पात्रहरूलाई वर्गीय, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्ने र तिनीहरूको भाषिक प्रयोगको स्थितिको पहिचान नभएको अध्ययन अनुसन्धान हुनु समसामयिक सन्दर्भमा अत्यन्त महतत्वपूर्ण देखिन्छ ।

## १.२ समस्या कथन

आवश्यकता अनुसार कुनै पनि विषय वस्तुको खोज, अन्वेषण गर्नु नै अनुसन्धान हो । अनुसन्धानको विषय वस्तु भन्नु नै अनुसन्धानको समस्या हो । अनुसन्धान कार्यका सिलसिलामा समस्या भन्ने अनुसन्धेय विषय वस्तु भन्ने बुझ्नु पर्दछ (बन्धु, २०६५ : १७) ।

अनुसन्धान गर्दा जुनसुकै विषय वस्तुको पनि समस्या पहिचान गरी त्यस बारेमा अध्ययन विश्लेषण र अनुसन्धान गर्दा जुनसुकै विषय वस्तुको पनि समस्या पहिचान गरी त्यस बारेमा अध्ययन विश्लेषण र अनुसन्धान गरिनु पर्दछ ।

शोधकार्य गर्नु भनेको कुनै न कुनै यथार्थ स्थिति पहिल्याउनु हो । मानवीय भावनालाई आदान प्रदान माध्यम भाषा हो । भाषाद्वारा नै जीवनका यावत क्रियाकलाप प्रति चिन्तन, मनन्, भाव, विचार प्रकट एवम् समाजमा पारस्परिक सम्बन्धको विकास हुन्छ । सामाजिक सम्पर्कका लागि व्यक्ति वा समुदायले एउटै भाषाका एकभन्दा बढी भेद मात्र नभई एकभन्दा बढी भाषाको प्रयोग पनि गर्दछन् । भाषाको प्रयोग विभिन्न सामाजिक, जातीय, लैङ्गिक, क्षेत्रीय, सांस्कृतिक तथा कालिक परिवेशमा हुन्छ । तसर्थ जुन र जस्तो परिवेशमा भाषाको प्रयोग हुन्छ । सोही अनुसार नै त्यसको संरचना, शब्द भण्डार आदिमा छाप परेको हुन्छ ।

भाषाले नै मानवलाई समाजमा घुलमिल हुन, सभ्य शिष्ट रहन र पारस्परिक सम्बन्ध कायम राख्न सहायोग गर्दछ ।

एउटा समाजमा रहेको सामाजिक छायाँ साहित्यमा पनि रहेको हुन्छ । नेपाली साहित्यमा देखा परेक उपन्यासहरूमध्ये *'निर्वाण'* उपन्यासमा पनि समाजको वास्तविक छाँया देख्न सकिन्छ । समाजका धार्मिक, सांस्कृतिक, शैक्षिक, आर्थिक, नैतिक, जटिलतासँगै रहेक वर्ग, जाति, पेसा, सामाजिक विभेद, पारिवारिक द्वन्द्व राजनीतिक चलखेल, शिक्षित र अशिक्षित तथा उच्च, मध्यम र निम्न वर्गको चित्रण र यथार्थ प्रस्तुती आदिको सङ्गमका रूपमा *'निर्वाण'* उपन्यास रहेको छ । यसको सामाज भाषिक अध्ययन नै प्रस्तुत शोधको प्रमुख समस्या हो । प्रस्तुत शोध कार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) समाज भाषिक सिद्धान्तका आधारमा *'निर्वाण'* उपन्यासको भाषाशैली कस्तो रहेको छ ?

ख) *'निर्वाण'* उपन्यासका पात्रहरूको वर्गीय, लैङ्गीक र शैक्षिक आधारमा वर्गीकरण कस्तो छ ?

ग) *'निर्वाण'* उपन्यासका पात्रहरूको वर्गगत, लिङ्गगत, शब्दभण्डार र शैक्षिक अवस्थाका आधारमा प्रयोग गर्ने भाषिक स्थिति कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

हरेक कार्यका पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उद्देश्य विना कुनै पनि कार्य सम्भव हुँदैन । कुनै पनि शोधकार्यको सफलता प्राप्तिका लागि त्यसमा भएका उद्देश्यले सहयोग गर्दछ । प्रस्तुत शोध कार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) भाषा शैलीका दृष्टिले *'निर्वाण'* उपन्यासको समाज भाषिक अध्ययन गर्नु,

ख) उपन्यासका पात्रहरूको वर्गीय, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु,

ग) *'निर्वाण'* उपन्यासका पात्रहरूको वर्गगत, लिङ्गत शब्द भण्डारगत र शैक्षिक अवस्थाका आधारमा प्रयोग गर्ने भाषिक स्थिति पत्ता लगाउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता

भाषाको व्यावहारिक पक्षको अध्ययन सामाजिक भाषा विज्ञानले गर्दछ । यसमा विभिन्न सामाजिक तत्वहरू (लिङ्ग, वर्ग, जात जातिको स्तर आदि) ले विशेष प्रभाव पारेको हुन्छ । यिनै भाषिक स्वरूपको अध्ययन सामाजिक भाषा विज्ञानले गर्दछ । भाषा सामाजिक सम्प्रेषणको प्रभावकारी माध्यम भएकाले समाजमा यसको प्रयोग के कस्ता सन्दर्भमा कसरी गर्न सकिन्छ वा कसरी भई रहेको छ भन्ने कुराको अध्ययन गर्न आवश्यक देखिन्छ ।

साहित्यमा विविध विधाहरूमध्ये वर्तमान समयमा लोकप्रिय विधाका रूपमा उपन्यासलाई लिइन्छ । उपन्यास विभिन्न विषय वस्तुलाई आधार बनाएर लेख्ने गरिन्छ । ती उपन्यासहरूमध्ये घनश्याम खड्काको *'निर्वाण'* उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासहरूमा न्यून आर्थिक अवस्था, गाउँ घरमा सेवा सुविधा र अवसरको कमीले आफ्नो जन्मभूमि छोड्नु पर्दा भोग्नु परेका समस्याहरूको यथार्थ चित्रण गरिएको पाइन्छ । विभिन्न वर्ग, लिङ्ग, उमेर, शैक्षिक अवस्थाका साथै विभिन्न जात जातिहरूको प्रतिनिधित्त्व गर्ने पात्रहरूको प्रस्तुति यस उपन्यासमा पाइन्छ । गरिबी, शोषण र थिचो मिचोको चपेटामा परेर नेपालीहरूको जीवनको यथार्थ चित्रण उपन्यासले गरेको छ । समाजका विभिन्न वर्गहरूको प्रतिनिधित्त्व गराएर लेखिएकाले खड्काको *'निर्वाण'* उपन्यासको समाज भाषिक अध्ययन गर्न उपयुक्त देखिन्छ । वर्तमान समयसम्म यस उपन्यासमा कुनै पनि अनुसन्धान नभएको कारणले प्रस्तुत अनुसन्धान सान्दर्भिक रहेको छ ।

प्रस्तुत अध्ययनबाट भावी अध्येता वा शोध कर्ताहरूलाई नेपाली साहित्यका विभिन्न विधाहरूको समाज भाषिक अध्ययन गर्न उपयुक्त सहयोग पुऱ्याउने अपेक्षा सहित यो अध्ययन उपयोगी छ ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि कार्यको निश्चित सीमा हुन्छ । शोधकार्यका लागि निर्धारित शीषर्क अन्तर्गत कुन-कुन पक्षको अध्ययन गर्ने हो, सो पक्षको किटानी गर्नुलाई शोधकार्यको सीमा भन्ने गरिन्छ । जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता

अनुसन्धानका क्रममा विस्तृत र व्यापक हुन्छ । निश्चित सीमा भित्र नबाँधिएको अनुसन्धानको मार्ग विचलित हुन सक्छ । प्रस्तुत शोध कार्य निम्नानुसारका सीमामा मात्र सीमित रहेको छ :

क) *'निर्वाण'* उपन्यास समाज भाषिक अध्ययनमा केन्द्रित रहेको छ ।

ख) कृतिमा निहित भाषाको लैङ्गिक, उमेरगत र शैक्षिक आधारमा अध्ययन सीमित रहेको छ ।

ग) समाज भाषिक आधारमा वर्ग, लिङ्ग, उमेर र शैक्षिक पक्षलाई लिइएको छ ।

# अध्याय : दुई

# पूर्व कार्यको पुनरावलोकन तथा सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको पुनरावलोकन

प्रायोगिक भाषा विज्ञानको नवीनतम शाखा सामाजिक भाषा विज्ञान हो । सामाजिक संरचना र समाजको प्रकृति बमोजिम भाषाको उपयोग भएको पाइन्छ । तसर्थ समाज भाषिक अध्ययन अनुसन्धानको विषय हो । विगतका अनुभवहरूले नै वर्तमानमा अगाडि बढ्न प्रेरणा प्रदान गर्ने भएकाले जुन सुकै कार्य गर्नु अगावै तत् सम्बन्धी पूर्वकार्यको अध्ययन आवश्यक पक्ष हो । विगतका अनुभवहरूले नै वर्तमानमा अगाडि बढ्न प्रेरणा प्रदान गर्ने भएकाले जुन सुकै कार्य गर्नु अगावै तत् सम्बन्धी पूर्वकार्यको अध्ययन आवश्यक पक्ष हो । यसर्थ अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यस अघि सम्पन्न गरिएका कार्यहरू शोध प्रतिवेदन पत्र, पत्रिका, लेख आदिको गहन अध्ययन गरी उक्त कार्यको विश्लेषणात्मक समीक्षा गर्नु नै पूर्व कार्यको पुनरावलोकन हो । प्रस्तुत शोधसँग सम्बन्धित विषयमा त्यस अघि सम्पन्न गरिएका कार्यहरू शोध प्रतिवेदन पत्र, पत्रिका, लेख आदिको गहन अध्ययन गरी उक्त कार्यको विश्लेषणात्मक समीक्षा गर्नु नै पूर्व कार्यको पुनरावलोकन हो ।

कुनै पनि क्षेत्र तथा विषयको अध्ययन विश्लेषण गर्नु आफैमा एक जटिल कार्य हो । त्यसैले पूर्व अनुसन्धानको अध्ययन गरेर मात्र अनुसन्धानको विषय छनोट गर्नु पर्ने भएकाले अनुसन्धानमा पूर्व अध्ययनको महत्व रहेको छ ।

अनुसन्धानको शोध समस्या र शीर्षक चयन गर्नका लागि पनि पूर्व तथा यसअघि भएका अध्ययनहरूलाई आधार बनाइनु पर्ने भएकाले पूर्व अध्ययनको महत्त्व रहेको छ । अनुसन्धान भएको र हुन बाँकी विषय क्षेत्रको जानकारी प्राप्त गर्ने, सम्बन्धित क्षेत्रको सैद्धान्तिक परिचय तथा आधारभूत ज्ञान प्राप्त गर्ने, अनुसन्धानका लागि नयाँ मापदण्डको निर्माण गर्ने पक्षमा सघाउ पुऱ्याउने भएकाले पूर्व अध्ययनको महत्त्व रहेको देखिन्छ ।

भाषा मानव जीवनको सबैभन्दा निकटको वस्तु हो । भाषा विना सञ्चार नहुने र सञ्चारको माध्यम नै भाषा भएकाले मानव जीवनमा भाषाको निकटतम सम्बन्ध रहेको

पाइन्छ । भाषाको प्रयोग कुनै खास सन्दर्भ र परिस्थितिमा हुने गर्दछ । भाषा र समाज बिचको अन्तर सम्बन्धलाई केलाउने कार्य सम्प्रेषण तथा व्यवहारको महत्वपूर्ण प्रभावकारी माध्यम भएकाले पनि समाजमा यसको के कस्तो सन्दर्भमा र कसरी प्रयोग हुन्छ ? भन्ने कुराको खोजी भाषाले गर्दछ । त्यसैले 'निर्वाण' उपन्यासको समाज भाषिक अध्ययन गरी अनुसन्धानमा उपन्यासमा प्रयोग भएका पात्रहरूको सामाीजक वर्गीय, लैङ्गिक र शैक्षिक अवस्थाको आधारामा भाषिक प्रयोगको स्थिति पहिल्याउनुमा समेत पूर्व अध्ययनले विशेष सहयोग प्रदान गरेको छ । पूर्व अध्ययनको आधारमा सम्बन्धित पाठ्य पुस्तक, लेख, रचना पत्रपत्रिका आदिको अध्ययनलाई लिई अनुसन्धान गर्दा 'निर्वाण' उपन्यासका पात्रहरूको भाषिक प्रयोगको स्थिति पहिल्याउनुमा समेत पूर्व अध्ययनलाई लिई अनुसन्धान गर्दा 'निर्वाण' उपन्यासका पात्रहरूको भाषिक प्रयोगको स्थिति, वर्गीय रूपमा उच्चवर्ग, मध्यम वर्ग र निम्न वर्गले प्रयोग गर्ने भाषमा विभेद पाइएको छ । शिक्षित र अशिक्षित पात्रहरूको भाषामा पनि सभ्यताका आधारमा विभेदको स्थिति रहेको छ । जातीय आधारमा विभेद पाइदैन भने लैङ्गिक आधारमा प्रयोग भएको भाषामा विभेद पाइन्छ । यी सम्पूर्ण कामको पहिचान पूर्व कार्यको अध्ययनले थप सहायता प्रदान गरेको छ ।

प्रस्तुत शोधसँग सम्बन्धित पुस्तक समीक्षा र शोध समीक्षा निम्नानुसार चर्चा गरिएको छ । कुनै पनि विषयको अध्ययन गर्नु पूर्व सम्बन्धित विषय शीर्षकसँग सम्बन्धित पुस्तकहरूको गहन रूपमा अध्ययन विश्लेषण गर्नु आवश्यक मानिन्छ । जसले प्रस्तुत शोधलाई अगाडि बढाउन प्रशस्त मार्ग प्रदान गरेको छ । यसर्थ प्रस्तुत शोध कार्यसँग सम्बन्धित पुस्तकहरूको समीक्षा निम्नानुसार गरिएको छ :

नेपाल (२०६३) द्वारा **लङ्गडाको साथी** उपन्यासको झिनो कथानकलाई फ्रेटागको पिरामिडका आधारमा देखाउँदै मानवीय र मानवेत्तर चरित्रहरूको शैली वैज्ञानिक अध्ययन गरिएको छ । उक्त अध्ययनको उद्देश्य उपन्यासको कथानक, चरित्र र भाषाका आधारमा उपन्यासको विश्लेषण गर्नु रहेको छ । छ अध्यायमा भाषा शैलीका बारेमा विश्लेषण गरिएको छ । मूलत : पुस्तकालयीय अध्ययन प्रयोग गरिएको यस अध्ययनबाट सामाजिक यथार्थको धरातलमा सिर्जिएको तथा अति यथार्थवादलाई अँगालेर पशु र मानव बिचको लङ्गडाको मृत्यु पश्चात कुकुरको भाव विह्वलले करूण रसको उद्बोध गराएको छ ।

खत्री (२०६४) द्वारा **शुकरातका पाइला उपन्यासको शैली वैज्ञानिक अध्ययन** गरेका छन् । उक्त अध्ययनको उददेश्य कथानकका आधारमा पात्रहरूलाई शैली वैज्ञानिक आधारमा वर्गीकरण भाषिक चयन विचलन र समानान्तरताका आधारमा उपन्यासको विश्लेषण गर्नु रहेको छ । छ अध्यायमा विभाजित उक्त शोधपत्रको दोस्रो र तेस्रो अध्यायमा भाषा शैलीका बारेमा विश्लेषण गरिएको छ । पुस्तकालयीय र सामग्री सङ्कलन विधिको प्रयोग भएको छ । जसले भाषिक विशिष्टता र रोचकता प्रदान गरेको छ ।

अधिकारी (२०६५) द्वारा **सामाजिक र प्रायोगिक भाषा विज्ञानमा भाषाका सामाजिक भेदहरू द्विभाषिकता, बहु भाषिकता, भाषा योजना** जस्ता पक्षसँग नेपाली भाषाका समस्या र समाधानको माध्यमका रूपमा सामीजक भाषा विज्ञानलाई उभ्याएका छन् । उक्त अध्ययनबाट प्रस्तुत अध्ययनलाई सैद्धान्तिक र विश्लेषणात्मक रूपमा अगाडि बढाउनका लागि सुझ प्रदान गर्ने देखिन्छ ।

घिमिरे (२०६५) द्वारा **समाज भाषा विज्ञानमा समाज भाषा विज्ञानको परिचय** भाषा र समाजको सम्बन्ध भाषाका भेदहरू, भाषाको मिश्रित भेद र कोड छनोट, भाषिक समुदाय, भाषाद्विरूपता, द्वैभाषिकता, कोर्ड परिवर्तन, कोड मिश्रण, पिजिन र क्रेओल भाषाहरू भाषिक परिवर्तन आदि विषयमा चर्चा गरेका छन् । उक्त अध्ययनबाट प्रस्तुत अध्ययनलाई समाज भाषिक अध्ययन गर्नको लागि थप योगदान प्राप्त हुने देखिन्छ ।

अर्याल (२०६६) द्वारा **अबिरल बग्दछ इन्द्रावती उपन्यासको समाज भाषिक अध्ययन** शीर्षकमा शोध गरिएको छ । भाषा शैलीका दृष्टिले यस उपन्यासको समाज भाषिक अध्ययन गर्नु उपन्यासले प्रयोगक गरेको भाषाको वर्गगत, लिङ्गगत, जातिगत आदि आधारमा भाषिक प्रयोगको स्थिति पहिचान गर्नु उद्देश्य राखिएको छ । पुस्तकालयीय अध्ययन कार्य विधिका साथै वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । उक्त उपन्यासमा माझी समुदायका पात्रहरूलाई निम्न वर्गका पात्रको रूपमा प्रस्तुत गरिएको छ । भाषा शैलीका दृष्टिले यस उपन्यासको समाज भाषिक अध्ययन गर्नु उपन्यासको समाज भाषिक अध्ययन गर्नु उपन्यासले प्रयोग गरेको भाषाको वर्गगत, लिङ्गगत, जातिगत आदि आधारमा भाषिक प्रयोगको स्थिति पहिचान गर्नु उद्देश्य राखिएको छ । पुस्तकालयीय अध्ययन कार्य विधिका साथै वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । उक्त उपन्यासमा

माझी समुदायका पात्रहरूलाई निम्न वर्गका पात्रको रूपमा प्रस्तुत गरिएको छ । अशिक्षित पात्रहरूले प्रयोग गर्ने भाषा अमानक रहेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०६७) द्वारा **सामाजिक तथा मनोभाषा विज्ञान** भन्ने पुस्तक प्रकाशित छ । यसमा सामाजिक भाषा विज्ञान, भाषिक भेद, क्षेत्रीय भेद, सामाजिक भेद, द्विभाषिकता, बहु भाषिकता, भाषा नीति, भाषा विज्ञानको उपयोगिता आदि विषयको व्यापक चर्चा गरिएको छ । अतः प्रस्तुत अनुसन्धानको सैद्धान्तिक आधार निर्माण गर्न उक्त पुस्तकले गतिलो आधार स्तम्भका रूपमा सहयोग गर्ने भएकाले उक्त पुस्तकको अध्ययन गर्नु सान्दर्भिक देखिएको छ ।

ढकाल (२०६९) द्वारा **नरेन्द्रदाइ उपन्यासको समाज भाषिक अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत शोध गरिएको छ । उक्त शोधमा भाषा शैलीका दृष्टिले 'नरेन्द्रदाइ' उपन्यासको पात्रहरूको वर्गगत, लिङ्गगत, उमेरगत, शैक्षिक र जातिगत अवस्थाका आधारमा वर्गीकरण गर्नु 'नरेन्द्रदाइ' उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, उमेरगत, लिङ्गगत, शैक्षिक र जातिगत अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु उद्देश्य रहेका छन् । उक्त शोधमा मूलतः पुस्तकालय अध्ययन र आंशिक रूपमा रहेका शिक्षित अशिक्षितको भाषिक प्रयोगमा भाषिक उच्चारण, शब्द चयन, शैली र विषय वस्तुको प्रस्तुतीकरण विभेद रहेको उमेरका आधारमा भाषाहरू फरक रहेको लैङ्गिक आधारमा महिलाले प्रयोग गर्ने भाषा र पुरुषले प्रयोग गर्ने भाषामा ध्वन्यात्मक गुण, रङ्गभेद र शब्द भण्डारका दृष्टि फरक देखिएको निष्कर्ष निकालिएको छ । उक्त शोध प्रस्तुत शोधका उद्देश्यहरू पुरा गर्न पात्रहरूको वर्गीकरण गर्न उपयुक्त निष्कर्ष रहेको छ ।

डाँगी (२०६९) **माइतघर उपन्यासको समाज भाषिक अध्ययन**, शीर्षकमा शोध तयार गरिएको छ । भाषा शैलीका दृष्टिले 'माइतघर' उपन्यासको समाज भाषिक अध्ययन गर्नु, उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर र शैक्षिक अवस्थाको आधारमा वर्गीकरण गर्नु र भाषिक प्रयोगको स्थिति पत्ता लगााउनु जस्ता उद्देश्यहरूमा केन्द्रित भएर अध्ययन भएको पाइन्छ । पुस्तकालयीय अध्ययन विधि वर्णनात्मक र विश्लेषणात्मक विधिलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ । महिलाले प्रयोग गर्ने भाषा र पुरुषले प्रयोग गर्ने भाषा विभेद रहेको पात्रहरूमा वर्गीय भिन्नता नरहेको शिक्षित र अशिक्षित पात्रले प्रयोग गर्ने भाषामा खास भिन्नता नरहेको यथार्थ घटनालाई विषयवस्तु बनाएको नेपाली भाषाको

मानक रूपको प्रयोग भएको भाषा प्रयोगको आधारमा लैङ्गिक भिन्नता रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

अमात्य (२०७१) द्वारा **अधुरो उपन्यास अधुरो इच्छा उपन्यासको समाज भाषिक अध्ययन** शीर्षकमा शोध कार्य सम्पन्न गरिएको छ । भाषा शैलीका दृष्टिले 'अधुरो उपन्यास अधुरो इच्छा' उपन्यासको समाज भाषिक अध्ययन गर्नु, उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक विश्लेषण गर्नु जस्ता उद्देश्यमा अध्ययन केन्द्रित रहेको देखिन्छ । उक्त अध्ययनमा मूल रूपमा पुस्तकालयीय विधि र आवश्यकता अनुसार वर्णनात्मक तथा विश्लेषणात्मक विधिका साथै तुलनात्मक विधिको पनि प्रयोग गरी निष्कर्ष निकालिएको छ । उक्त उपन्यासमा वर्गीय आधारमा उच्च, मध्यम र निम्न वर्गीय पात्र रहेका, लैङ्गिक आधारमा पुरूष र महिलाले प्रयोग गरेको भाषामा भाषिक भेद रहेको, शिक्षित र अशिक्षित पात्रले प्रयोग गरेको भाषामा असमानता रहेको, उमेरका आधारमा बालक, युवा प्रौढ र बृद्ध पात्रको चयन गरिएको र उनीहरूले प्रयोग गरेको भाषामा भिन्नता रहेको निष्कर्ष निकालिएको छ ।

शाही (२०७१) द्वारा **बाँसुरीमा नअटाएका धुनहरू नाटकको समाज भाषिक अध्ययन** शीर्षकमा शोध तयार गरिएको छ । उक्त शोधका 'बाँसुरीमा नअटाएका धुनहरू' नाटकको समाज भाषिक अध्ययन गर्नु समाज भाषिक सिदधान्तका आधारमा प्रस्तुत नाटकका प्रयुक्त भाषाको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । यस शोध कार्यमा 'बाँसुरीमा नअटाएका धुनहरू' नाटकलाई प्राथमिक सामग्रीका रूपमा र शोध शीर्षकसँग सम्बन्धित अन्य शोध पत्रहरू द्वितीय सामग्रीका रूपमा रहेको पाइन्छ । नाटकका पात्रहरू वर्गीय, जातीय, लैङ्गिक, शैक्षिक आदि दृष्टिले विश्लेषण गरिएको छ । नाटकका पात्रहरूले प्रयोग गरेका संवादको विश्लेषण गरी उनीहरूको भाषामा वर्गीय, जातीय, लैङ्गिक र शैक्षिक प्रभाव रहेको निष्कर्ष निकालिएको छ । अत : उक्त शोध नाटकको समाज भाषिक अध्ययनमा केन्द्रित रहे पनि प्रस्तुत शोधका लागि समेत अध्ययन गर्नु सान्दर्भिक नै देखिएको छ ।

## २.२ समाज भाषा विज्ञानको सैद्धान्तिक परिचय

समाज भाषा विज्ञानको सैद्धाान्तिक अवधारणा शीर्षकलाई क्रमशः समाज भाषा विज्ञानको परिचय, समाज भाषा विज्ञानको पृष्ठभूमि, समाज भाषा विज्ञानको क्षेत्र र भाषिक भेद उप शीर्षक राखेर व्याख्या विश्लेषण गरिएको छ ।

### २.२.१ समाज भाषा विज्ञानको परिचय

भाषालाई सामाजिक व्यवहारको रूपमा अध्ययन गर्ने प्रायोगिक भाषा विज्ञानको एउटा नवीन शाखा नै सामाजिक भाषा विज्ञान हो । सामाजिक भाषा विज्ञानले भाषाको सम्पूर्ण पक्षको अध्ययन सामाीजक सन्दर्भमा गर्दछ । यसले भाषा तत्त्वहरूको अलग अलग वा सन्दर्भ विहीन पक्षलाई महत्त्व नदिई भाषा प्रयोगको सन्दर्भ र भाषाले समाजमा गर्न कार्यको अध्ययन गर्दछ ।

भाषा एउटा सामाीजक व्यवहार हो । मानिस सामाजिक प्राणी हो । उसले आफ्नो सम्पूर्ण व्यवहार भाषिक माध्यमबाट अभिव्यक्त गर्दछ । भाषाको प्रयोगविना मानवीय व्यावहार सञ्चालन गर्न सकिदैन । भाषा मानव समाजको अति आवश्यक वस्तु हो । भाषा र समाज एक अर्कामा अन्तर सम्बन्धित हुन्छन् । समाजविना भाषाको अस्तितत्व रहँदैन भने सामाजिक व्यावहार सञ्चालन गर्न भाषा नभई हुँदैन । समाजको विकाससँगै भाषा पनि विकास हुँदै जान्छ र समाज अनुसार भाषाको प्रयोग पनि फरक फरक हुन्छ । यसरी सामाीजक दृष्टिोणले भाषाको अध्ययन गर्ने भाषा विज्ञानको शाखालाई सामाजिक भाषा विज्ञान भनिन्छ । वस्तुतः भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले यसले भाषाको प्रयोग पक्षलाई विशेष जोड दिन्छ (भण्डारी र पौड्याल, २०७० : २) । सामाजिक पक्षले भाषिक पक्षको अध्ययन गर्ने विधा समाज भाषा विज्ञान हो ।

भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषा विज्ञान भनिन्छ (अधिकारी, २०५७ : ३) । समाजले भाषाको उत्थान गर्दछ भने भाषाले समाजको विकास गर्दछ । भाषाको अध्ययनमा समाजको पनि अध्ययन गरिनु पर्दछ भन्ने मान्यता समाज भाषा विज्ञानले राख्दछ । भाषाले समाजलाई सभ्य र प्रतिष्ठित बनाउँछ साथै एकताको सुत्रमा समेत बाँध्ने गर्दछ । यसैले भाषाको अध्ययनमा समाजको महत्त्वपूर्ण भूमिका र अर्थ रहन्छ भन्ने कुरा प्रस्ट

बुझिन्छ । भाषाको माध्यमद्वारा समाजको पहिचान र समाजको वास्तविक स्थिति तथा व्यवस्था अनुसार भाषाको उद्भव, विकास र परिवर्तन हुने हुँदा समाजमा भाषाका विभिन्न रूपहरू देखिने गर्दछन् । वास्वतमा समाजमा देखिने भाषाका विभिन्न रूपको अध्ययनमा भाषिक रूपलाई समाज सापेक्ष बिचको घनिष्ट सम्बन्ध बारे स्पष्ट पार्ने शास्त्र नै समाज भाषा विज्ञान हो (आचार्य, २०६६ : ३८६) । समाज भाषा विज्ञान के हो भन्ने ? सन्दर्भमा विभिन्न विद्वाानहरूले विभिन्न धारणा र दृष्टिकोण अगाडि सारेका छन् । फिसम्यानले सामाीजक भाषा विज्ञानले कसले, को सँग, कहिले र कस्तो भाषा प्रयोग गरिरहेको छ ? भन्ने कुरासँग सम्बन्धित भएर भाषाको अध्ययन गर्दछ भनेका छन् । हड्सनले सामाजिक भाषा विज्ञान समाजका सापेक्षतामा गरिने भाषाको अध्ययन हो भन्ने दृष्टिकोण राखेका छन् ।

लङ्म्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्सले समाज भाषा विज्ञानलाई सामाजिक भाषा विज्ञानले कुनै पनि भाषालाई प्रभाव पार्ने सामाजिक तत्त्वहरू सामाजिक वर्ग, शिक्षा, शिक्षाको किसिम तह, उमेर, लिङ्ग र जात आदिसँग सम्बन्धित भएर भाषाको अध्ययन गर्दछ भनेर परिभाषित गरेको छ । चूडामणि बन्धुले समाजकै परिप्रेक्ष्यमा भाषाको अध्ययन सामाजिक भाषा विज्ञान अन्तर्गत गरिन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषा विज्ञान भनिन्छ भनेर हेमाङ्गराज अधिकारीले सामाजिक भाषा विज्ञानलाई परिभाषित गरेका छन् ।

सामाजिक भाषा विज्ञानले समाज र भाषा बिचको अन्तर सम्बन्धलाई केलाउनुका साथै भाषाका सामाजिक प्रकार्य, भाषिक, भाषाको मानकीकरण, आधुनिकीकरण, भाषा प्रयोग जस्ता विविध पक्षमा केन्द्रित भई भाषाको सामाजिक सन्दर्भमा अध्ययन गर्दछ । भाषाको माध्यमले समाजको अध्ययन गर्ने र समाजका आधारमा भाषाको स्वरूप निर्धारण गर्ने भाषा विज्ञानको नवीन शाखा नै सामाजिक भाषा विज्ञान हो, जसले समाजमा भाषा प्रयोगको स्थिति वा अवस्थाको वैज्ञानिक अध्ययन गर्दछ ।

### २.२.२ समाज भाषा विज्ञानको क्षेत्र

सामाजिक भाषा विज्ञान र समाज बिचका विभिन्न सम्बन्धको अध्ययन भएकाले यसको अध्ययनको क्षेत्र पनि व्यापक र विस्तृत रहेको छ । समाज विज्ञान र भाषा विज्ञान यसको अध्ययनीय विषय वस्तुको मूल स्रोत मानिन्छ । यद्यपि यसले विविध विषयका क्षेत्रबाट

आफ्ना विषय वस्तुहरू ग्रहण गरेको पाइन्छ । भाषा मानवीय व्यवहार भएकाले मानव शास्त्रसँग सम्बन्धित कुराहरू सामाजिक भाषा विज्ञानमा प्रासङ्गिक हुन जान्छ ।

समाज भाषा विज्ञानलाई अन्तर वैषयिक विषयका रूपमा पनि लिइन्छ किनकी यो विभिन्न क्षेत्रसँग सम्बन्धित कुराहरूको अर्न्तसम्बन्ध विकास भएको हुन्छ । सामीजक भाषा विज्ञानको अध्ययनका क्रममा विभिन्न विज्ञानहरूका बिचमा मत मतान्तर रहेको पाइन्छ । यी मत मतान्तरका बिचबाट साझा निष्कर्षमा पुग्दा समाज भाषा विज्ञानका क्षेत्रलाई यसरी लिन सकिन्छ । भाषाको सामाजिक पक्षको विश्लेषण गर्नु भाषाको मानकीकरण स्तरीकरण गर्नु, आधुनिकीकरण गर्नु भाषिक समुदायको पहिचान गर्नु, सम्पर्क भाषा, राष्ट्रभाषा राष्ट्रिय भाषाको निर्धारण गर्नु, भाषिक समुदायभित्र भाषाको प्रयोग सम्बन्धी ढाँचा, शैली र भाषिक परिवर्तनको कारणबारे विश्लेषण गर्नु, भाषाका सामाजिक भेद, भाषामा देखिने परिवर्तन, द्‌विभाषिकता, बहु भाषिकता, भाषाद्वैत, भाषिक अभिवृत्ति, भाषिक विकास, भाषा र भाषिक निर्धारण आदिको अध्ययन गर्नु, भाषाको विकासका निम्ति भाषा नीति र भाषा योजना निर्माण गर्नु, समाजमा बोलिने विभिन्न भाषाका बिचको सम्बन्ध केलाउनु, भाषिक विविधता भाषिक भेद, उपभेदको अध्ययन गर्नु, भाषिक आगमन, लोप, स्थानान्तरणको अध्ययन गर्नु, भाषा र समाजको सम्बन्ध भाषाको समाज भाषिक सम्पर्क कोर्ड मिश्रण र कोड परिवर्तनको अध्ययन गर्नु आदि (भण्डारी, २०६८ : ५) ।

यसरी भाषा मानवीय व्यवहार भएकाले मानव शास्त्रसँग सम्बन्धित हरेक विषयवस्तुलाई भाषाविज्ञानको क्षेत्र मानिन्छ । भाषा प्रयोग गर्दा प्रयोक्ताको मनस्थिति, एक भाषिक तथा बहु भाषिक मानसिकता, भाषा आर्जनता, अभिप्रेरणा आदिको समेत अध्ययन हुने भएकाले मनोविज्ञानसँग सम्बन्धित विषयवस्तुहरू पनि यसको अध्ययनको क्षेत्रभित्र पर्दछन् । त्यस्तै भाषाको जातीय, वर्गीय विभेदको कुराको विश्लेषणलाई पनि समाज भाषा विज्ञानामा विषयगत विविधता हुने भएकाले यसको सम्बन्ध ज्ञानको अरू शाखासँग पनि रहेको छ । समाज भाषा विज्ञानको क्षेत्रभित्र लिनु पर्दछ (अधिकारी, २०६५ : ४) । समाज भाषा विज्ञानमा विषयगत विविधता हुने भएकाले यसको सम्बन्ध ज्ञानको अरू शाखाहरू पनि रहेको छ । समाज भाषा विज्ञानको क्षेत्रहरूमा भाषाको सामान्य भेदहरू जस्तै सामाजिक र क्षेत्रीय भाषिकाहरू रजिष्ट्रर, व्यक्ति बोली, पिजिन क्रेओल भाषा र भाषा योजना पर्दछन् । यसरी समाज भाषा विज्ञान विविध विधाहरूको अन्तरसम्बन्धबाट विकास

भएको हुनाले यसलाई अन्तर वैयक्तिक विधिका रूपमा लिइन्छ । समाज भाषा विज्ञान अनेकतालाई एकत्रित गरेर विकास गरिएको ज्ञानको नयाँ विधा हो ।

## २.३.३ भाषिक आधारमा समाजको वर्गीकरण

समाज भाषा विज्ञान समाजको विज्ञान हो । समाजमा प्रयोग हुने भाषामा केन्द्रित रहेर गरिने अध्ययनलाई समाज भाषा विज्ञान भनिन्छ । समाज भाषा विज्ञानमा सामाजिक सम्बन्धका आधारमा भाषिक अध्ययन हुन्छ । समाज भाषा विज्ञानको मौलिकता देखाउने क्रममा व्यक्ति समुदायमा हुने दैनिक कुराकानीको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ । अत : समाजमा प्रयोग गरिने भाषाको अध्ययन समाज भाषा विज्ञानले गर्दछ । यसलाई समाज र भाषा बिचको अन्तर सम्बन्धको रूपमा लिइन्छ । समाज भाषा विना अपूर्ण छ । भाषा नै विचार विनिमयको माध्यम भएकाले भाषा र समाज एक अर्काका परिपुरक हन् । समाजमा रहने व्यक्तिहरूले प्रयोग गर्नु, भाषाहरू भने फरक-फरक हुने गर्दछ । किनकी हरेक समाजमा रहने व्यक्तिहरू र परिवारहरू एक अर्काभन्दा वर्गीय आधारमा, लिङ्गीय आधारमा, जातीय आधारमा तथा शैक्षिक आदि जस्ता विविधताले भाषा प्रयोगमा पनि भिन्नता ल्याउने गर्दछ । समाजमा रहने आर्थिक रूपले सम्पन्न उच्च वर्गीय र मध्यम वर्गीय अनि निम्न वर्गीय व्यक्तिहरूले प्रयोग गर्ने भाषाको स्वरूपमा आकाश र पातालको फरक पाइन्छ । समाज र भाषा दुवै एक अर्कामा निकट भए पनि प्रयोगका आधारमा भिन्नता पाइन्छ । व्यक्तिले तथा समाजले प्रयोग गर्ने भाषाका आधारमा समाजको वर्गीकरण निम्नानुसारले गर्न सकिन्छ :

| **वर्गका आधारमा** | **लिङ्गका आधारमा** | **शैक्षिक आधारमा** |
|---|---|---|
| उच्च वर्ग | स्त्रीलिङ्ग | शिक्षित |
| मध्यम वर्ग | पुलिङ्ग | अशिक्षित |
| निम्न वर्ग | | |

व्यक्तिले प्रयोग गर्ने भाषाको स्वरूपका आधारमा समाजको वर्गीकरण भएको हुन्छ । उच्च वर्गीय समाजले प्रयोग गर्ने भाषा मध्यम वर्गीय र निम्न वर्गीय भन्दा फरक हुन्छ । त्यस्तै स्त्री र पुरूषले प्रयोग गर्ने भाषा एक अर्काको भन्दा फरक हुन्छ । शिक्षित व्यक्ति र समाजले प्रयोग गर्ने भाषा अशिक्षितको भन्दा फरक हुन्छ । अत : भाषाको प्रयोगले समाजको वर्गीकरण विभिन्न आधारमा गरिएको हुन्छ ।

### २.३.४ भाषिक प्रयोगको स्थिति

भाषाको प्रयोग समाजमा हुन्छ अत : समाज नै भाषाको प्रमुख थलो हो । सामाजिक जीवन यापनका निम्ति तथा एक अर्कामा सञ्चारका निम्ति आवश्यक हतियार नै भाषा भएको हुँदा समाजमा भाषाको प्रयोग अनिवार्य रहेको हुन्छ तर समाजको विविधतासँगै भाषाको प्रयोगमा पनि वर्गपिच्छे विविधता पाइने हुन्छ ।

उच्च वर्गीय समाजले प्रयोग गर्ने भाषामा बढी मात्रामा आइबक्सिनु, आइबक्सियोस, मौसुफ, हजुर जस्ता उच्च आदरहरूको प्रयोग हुने गर्दछ भने मध्यम वर्गीय समाजमा तपाई, हजुर, तिमी जस्ता शिष्ट खालको बोली र भाषाको प्रयोग प्रसङ्गअनुसार हुने गर्दछ भने निम्न वर्गीय समाजले प्राय : अनादर खालको वाक्यहरूको प्रयोग गर्ने गर्दछन् । त्यस्तै भाषाको प्रयोगमा स्त्री र पुरुषमा आयो/आइ जस्ता भाषिक भिन्नता पाइन्छ भने शिक्षित र अशिक्षित समाजमा पनि वैचारिक/तार्किक र भाषाको प्रयोगमा स्वभाविक रूपले फरकपन पाइन्छ । हाम्रो समाज बहु भाषिक, बहुजाति, बहु सांस्कृतिक भएकाले पनि नेपाली समाजमा भाषिक प्रयोगको स्थिति समाज पिच्छे नै फरक फरक छ । अत : समाजमा हुने भाषालाई त्यस समाजको वर्ग, लिङ्ग, जात, धर्म, संस्कृति, शैक्षिक परिवेश तथा मूल्य र मान्यताहरूले प्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्दछ जसले समाजमा प्रयोग हुने भाषामा विविधता ल्याउँछ ।

# अध्याय : तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

कुनै पनि अनुसन्धान कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि खास किसिमको अध्ययनको ढाँचा अवलम्बन गर्नु पर्ने हुन्छ । त्यसै गरी निश्चित विधि पद्धति र प्रक्रिया अवलम्बन गरी गरिने अध्ययनलाई अध्ययनको ढाँचा भनिन्छ । अध्ययन विधिले अनुसन्धान कर्तालाई निश्चित बाटोमा हिड्ने प्रेरणा प्रदान गर्दछ । यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यत : पुस्तकालयीय अध्ययनको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ भने सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न पुस्तकहरूलाई लिई त्यसका आधारमा सामग्री विश्लेषण गरिएको छ । यसरी 'निर्वाण' उपन्यासको विश्लेषणका साथै सामाजिक अवस्थाको स्थिति पहिल्याएको छ ।

## ३.२ अध्ययन क्षेत्र

प्रस्तुत शोधपत्र 'निर्वाण' उपन्यासको समाज भाषिक अध्ययनमा केन्द्रित रहेकाले 'निर्वाण' उपन्यासमा प्रयुक्त समाजलाई अध्ययनको क्षेत्र बनाइएको छ । भाषाको प्रयोग क्षेत्र समाज हो । सामाजिक अवस्था विभिन्न जाति, धर्म, व्यवसाय, लिङ्ग, उमेर आदि विभिन्न आधारमा निर्माण हुन्छ र भाषा पनि यही वर्गमा आधारित हुन्छ । प्रस्तुत शोधमा 'निर्वाण' उपन्यासको वर्गगत, लिङ्गत, शैक्षिक र उमेरगत आधारमा समाज भाषिक अध्ययन विश्लेषणलाई अध्ययनको क्षेत्र बनाई शोधकार्य सम्पन्न गरिएको छ ।

समाज भाषिक अध्ययन र समाज भाषा विज्ञान एक अर्कामा अन्तरसम्बन्धित विषयवस्तु हुन् । समाज भाषा विज्ञानले भाषाको समाजपरक अध्ययनलाई जोड दिन्छ । भाषाको आधुनिकीकरण, मानकीकरण र स्तरीकरण, राष्ट्रभाषा, सम्पर्क भाषा, स्थानीय भाषा र अन्तर्राष्ट्रिय भाषा, भाषिक समुदाय, भाषा नीति र भाषा योजना, सम्पर्क भाषा, मातृ भाषा प्रभावशाली भाषा अल्पसङ्ख्यक भाषा, उच्च र निम्न भाषा, भाषा अपक्षय, भाषाको अपसरण, भाषिक भेद, भाषिक लोप, आगमन र स्थानान्तरण, समाज र भाषाको सम्बन्ध, भाषाको समाज, भाषिक सम्पर्क, कोड मिश्रण, कोड परिवर्तन आदि सामाजिक भाषा

विज्ञानका क्षेत्र हुन् । सामाजिक भाषा विज्ञानले भाषाको सामाजिक व्यवहारको अध्ययन गर्ने भएकाले समाजमा प्रयोगमा आएका भाषसँग सम्बन्धित सम्पूर्ण पक्षहरूको अध्ययन यसले गर्दछ ।

## ३.३ तथ्याङ्क सङ्कलन

सूचना सङ्कलन गर्दा विभिन्न साधनहरूको प्रयोग गर्नु पर्ने भएकाले निम्न लिखित दुई किसिमका सामग्रीहरू प्रयोगमा ल्याइएको छ ।

### ३.३.१ प्राथमिक सामग्री

प्रस्तुत शोधकार्य 'निर्वाण' उपन्यासको समाज भाषिक अध्ययन भएकाले प्राथमिक सामग्री अन्तर्गत घनश्याम खड्का द्वारा लिखित 'निर्वाण' उपन्यासलाई नै प्रमुख आधारका रूपमा लिई अध्ययन विश्लेषण र व्याख्या गरिएको छ ।

### ३.३.२ द्वितीय सामग्री

प्रस्तुत शोध कार्यमा द्वितीय सामग्रीका रूपमा शोध शीर्षकसँग सम्बन्धित विभिन्न शोध पत्रहरू, सामाजिक कोणबाट व्याख्या विश्लेषण गरिएका पाठ्य वस्तु, लैङ्गिक, वर्गीय विभेदका रूपमा सङ्कलित तथ्य एवम् सूचनाहरू, प्रकाशित खोजमूलक लेख रचनाहरू, सुझाव प्रतिवेदनहरू आदि रहेका छन् ।

### ३.३.३ तथ्याङ्कको व्याख्या विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत शोध कार्यलाई व्यवस्थित गर्ने सन्दर्भमा सङ्कलित सामग्रीहरूलाई वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । उपन्यासको सामाजिक अध्ययनका सन्दर्भमा सामाजिक भाषा विज्ञानको सैद्धान्तिक अवधारणालाई आधार बनाइएको छ ।

प्रस्तुत शोधको मूल्याङ्कन गर्दा 'निर्वाण' उपन्यासमा प्रयोग भएका पात्रहरूको वर्गीय, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा विश्लेषण गरी उपन्यासको मूल्याङ्कन गरिएको छ ।

### ३.३.४ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्नका लागि अध्ययनलाई पाँच अध्यायमा विभाजन गरी निम्नानुसार रूपरेखामा प्रस्तुत गरिएको छ ।

अध्याय एक : शोध परिचय : प्रस्तुत अध्याय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता, अध्ययनको सीमाङ्कन आदि उपशीर्षकलाई समावेश गरिएको छ ।

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक परिचय प्रस्तुत अध्याय अन्तर्गत पूर्वकार्यको पुनरावलोकन, पूर्व अध्ययनको महत्त्व, समाज भाषा विज्ञानको सैद्धान्तिक परिचय, समाजभाषा विज्ञानको क्षेत्र, भाषिक आधारमा समाजको वर्गीकरण, भाषिक प्रयोगको स्थिति आदि उपशीर्षकलाई समावेश गरिएको छ ।

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया : प्रस्तुत अध्याय अन्तर्गत अध्ययनको ढाँचा, अध्ययन क्षेत्र, तथ्याङ्क वा सूचना सङ्कलन, प्राथमिक सामग्री, द्वितीय सामग्री, तथ्याङ्कको व्याख्या विश्लेषण र प्रस्तुतीकरण, अध्ययनको रूपरेखा आदि उपशीर्षकलाई समावेश गरिएको छ ।

अध्याय चार : व्याख्या र विश्लेषण : प्रस्तुत अध्याय अन्तर्गत भाषा शैलीका दृष्टिले 'निर्वाण' उपन्यासको समाज भाषिक अध्ययन, वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका आधरमा उपन्यासका पात्रहरूको वर्गीकरण, उपन्यासका पात्रहरूले प्रयोग गरेको, भाषाको वर्गगत, लिङ्गगत, शब्द भण्डारगत र शैक्षिक अवस्थाको विश्लेषण, उच्चवर्गीय पात्रहरूको भाषिक विश्लेषण, मध्यम वर्गीय पात्रहरूको भाषिक विश्लेषण, निम्न वर्गीय पात्रहरूको भाषक विश्लेषण, लैङ्गिक आधारमा 'निर्वाण' उपन्यासका पात्रहरूले प्रयोग गरेको भाषाको विश्लेषण शब्दभण्डारका दृष्टिले भाषाको लैङ्गिक विश्लेषण, शैक्षिक अवस्थाका आधारमा 'निर्वाण' उपन्यासको भाषिक विश्लेषण आदि उपशीर्षकलाई समावेश गरिएको छ ।

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता : प्रस्तुत अध्याय अन्तर्गत सारांश, निष्कर्ष, उपयोगिता शीर्षकहरू समावेश गरिएको छ ।

यस बाहेक सन्दर्भसूची र व्यक्तिवृत्तलाई पनि समावेश गरी शोधपत्रलाई अन्तिम रूप दिइएको छ ।

# अध्याय : चार

# व्याख्या र विश्लेषण

यस अध्यायमा शोध उद्देश्य अनुरूप क्रमश : व्याख्या विश्लेषण गरिएको छ । शोध कार्यका समग्र अपेक्षाहरू यसै अध्ययनमा पुरा गरिएको छ ।

## ४.१ भाषाशैलीका दृष्टिले 'निर्वाण' उपन्यासको समाजभाषिक अध्ययन

समाज विभिन्न जातजाति, वर्ग, लिङ्ग, उमेर र शैक्षिक स्तरका व्यक्तिहरूको समन्वय हो । यी विभिन्न वर्गहरूले गर्दा समाजमा भाषिक भेद निर्माण भएको हुन्छ । उदाहरणका रूपमा क्षेत्रीय, सामाजिक, प्रयोजनपरकता जस्ता विभिन्न किसिमका भेद उपभेदहरूलाई लिन सकिन्छ । एउटै क्षेत्र र एउटै समाजभित्र आफ्नै संस्कृति रीतिरिवाज परम्परा र मान्यताहरू रहेका हुन्छन् । जसका कारण बोलीमा पृथकीकरण रहन्छ, यसलाई भाषिक विभेदीकरण मानिन्छ । भाषिक समुदायमा व्यक्तिहरूको जातजाति, पेसा, वर्ग, उमेर, शिक्षा, लिङ्ग आदि जस्ता कारणले भाषिक भेद सिर्जना हुने गर्दछ ।

सामाजिक भेदहरू विभिन्न प्रकारका हुन्छन् । औपचारिकताका आधारमा औपचारिक र अनौपचारिक भेद, वर्गका आधारमा उच्च र निम्न भेद लिङ्गका आधारमा पुरुष र स्त्रीको भाषिक भेद, शिक्षाका आधारमा शिक्षित र अशिक्षित भेद र उमेरका आधारमा पनि भाषिक भेद सिर्जित हुन्छ (भण्डारी र पौड्याल, २०६८ : ३४) । सामाजिक भाषिका विभिन्न वर्ग, जातजाति, व्यवसाय, उमेर आदि आधारमा विभेदित हुन्छ ।

यसरी सामाजिक संरचनाका विभिन्न पक्षका कारणले विभेदित हुने सामाजिक भेदको प्रभाव उपन्यासमा कसरी परेको छ, उपन्यासमा प्रयुक्त भाषाशैली कस्तो रहेको छ, 'निर्वाण' उपन्यासमा के-कस्तो समाजभाषिक स्थिति रहेको छ, भन्ने कुराको अध्ययनका लागि उपन्यासका पात्रहरूको प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गत र शैक्षिक अवस्थाको आधारमा भाषिक विश्लेषण गर्ने कार्य गरिएको छ । यसरी यस उपन्यासमा प्रयुक्त भाषाशैलीको विश्लेषण गरिएको छ । उपन्यासमा रहेको भाषिक स्थितिलाई वर्गगत आधारमा उच्च मध्यम र निमन आधार लिई उपन्यासमा रहेका पात्रहरूको संवादलाई प्रस्तुत गरिएको छ । लिङ्गका आधारमा पुरुष र स्त्रीले प्रयोग गरेका भाषालाई शब्द भण्डारका दृष्टिले भाषाको

लैङ्गिक विश्लेषणलाई तालिकीकरण गरिएको छ । त्यसैगरी शैक्षिक आधारमा शिक्षित र अशिक्षित पात्रहरूको प्रयोग गरेको संवादलाई लिएर विश्लेषण गरिएको छ ।

भाषाशैलीका दृष्टिले 'निर्वाण' उपन्यास गजबको छ । शैली र शिल्प विन्यासमा यो उपन्यासले आफ्नै विशेषता राख्दछ । उपन्यास नेपालको पहाडी जिल्ला देखि विदेश सम्मको परिवेश र जीवनशैलीमा आधारित भएको हुँदा यसको भाषा पनि स्थानीय भाषा नेपाली र अङ्ग्रेजी भाषा नै छ । भाषामा क्षेत्रीयता झल्कन्छ । खड्काको उपन्यासमा प्रयुक्त भाषा सरलदेखि केही हदसम्म जटिल पनि रहेको पायन्छ । संवाद प्रयोगका क्रममा तत्सम र तद्भव शब्दहरूको पनि प्रयोग प्रशस्त मात्रामा भएको पाइन्छ । उपन्यासमा प्रयुक्त भाषाशैलीलाई निम्न उदाहरणबाट हेर्न सकिन्छ ।

- माफ गर्नु होला । दुई हातजोडी, मेरो स्टेरिङले कामै गरेन । (पृ. ६९)
- आई विल वियर अल द एक्पेन्सेस अफ योर ट्रिटमेन्ट एण्ड द मेन्टेनेस कस्ट अफ योर बाइक, यु जस्ट कल मी टुमरो अर द डे आफ्टर । (पृ. ६९)
- डन्ट वी सो सिरियस, यु आर नट किडन्याप्ड । (पृ. ४१)
- अस्तिको एक्सिडेन्ट खासमा एक्सिडेन्ट नै थिएन । मेरो कारको स्टेरिङ नै फेल भएको थिएन । (पृ. १४२)
- कहिलेकाहीँ, कार चलाइरहेका बेला अगाडि जो आउँछ, उसलाई हानिदिऊँ जस्तो हुन्छ । कति पटक रोक्न खोज्छु, सक्दै सक्दिनँ । (पृ. १४२)
- मोनिकालाई तपाईले चाहिँ कसरी चिन्नुभयो, त्यो भन्नुस बरु । (पृ. १४४)
- त्यो एक्सिडेन्ट थिएन । (पृ. १४५)
- यो एक षड्यन्त्र थियो हत्या थियो त्यो । (पृ. १४५)
- महासागरमा खसेको विमान खासमा खसाइएको थियो । त्यो पनि राइट इन्टरनेशनल एयरवेजकै मालिक विलियम निकोलकै षड्यन्त्रमा । (पृ. १४६)
- एक मोडलसँगको उसको गोप्य रोमान्सको भिडियो टेप पाइलटले सुट गराएको थियो । (पृ. १४६)
- आफू यसरी ब्ल्याक मेलिङमा परेको कुरो खुद निकोलले मसँग भनेको थियो । (पृ. १४६)

- बाँच भनेको हो भने त्यो म गरिरहेको छु अनि छाड भनेको हो भने सुरु नै नगरेको कुरा म कसरी छाड्न सक्छु । (पृ. १४९)
- निकोलको कम्पनी डुबेको दिन म भन्दा बढी खुसी को होला । (पृ. १४९)
- तिमीले मनाउने गरी भन्यो भने मान्छे, तिम्रो हातमा छ, 'यु आर द राइट पर्सन फर दिस ।' (पृ. १५०)
- तिमी खाली सिल्ली प्रश्न मात्रै गर्छौ । 'अरु सँग पनि मैले एक्सेस बनाइरहेको छु । (पृ. १५०)
- तिमी वाइन त लिन्छौ नि ? (पृ. ३)
- आज तोडिदेउ त्यसलाई 'एक पेंग मसँग लिऊ, के जान्छ त तिम्रो ? (पृ. ३)
- थाहा छैन, तर यही जीवन कहिले सुखपूर्ण लाग्छ, सधैं बाचिरहुँजस्तो, कहिले बाँच्नुपर्ने कुनै कारण म देख्दिन र अहिल्लै मरिहालु जस्तो लाग्छ । खानु, पिउनु, बिहा गर्नु, छोराछोरी जन्माउनु र हिड्नु मात्रै जीवन हो भने यो झर्को लाग्दो छैन त ? (पृ. ८)
- जे सुकै भन, मलाई त संसार बाँच्न लायक कहिल्यै लागने । (पृ. ९)
- जीवन लगाउनु पर्छ यसका लागि । भन तयार छयौ ? (पृ. २३३)
- साँच्चै भन्नुभयो । त्यस्ता गाउँमा गएर पठाउनुहुन्छ र ? (पृ. ५५)
- सब ठीक त छ कान्छा ? (पृ. २३७)
- तिमीहरूको दिनदशा बिग्रिएको , के खान जानु परेको त्यति टाढा ? (पृ. २३८)
- तेरा बा बिते । (पृ. २३८)

'निर्वाण' उपन्यासमा विषयवस्तु सुहाउँदो, पात्र र स्थान अनुसारको पद, पदावली, निपात, थेगो, उखान, टुक्का, लोकोक्तिका साथै बोलीचालीका भाषा प्रयोग भएको छ । स्थानीयभाषा, नेपाली भाषा र अङ्ग्रेजी शब्द मिसाएर बोलेको संवादहरू पनि यसमा प्रस्तुत छन् । डन्ट वी सो सिरियस, यु आर नट किडन्याप्ड, यु आर द राइट पर्सन फर दिस, तिमी वाइन त लिन्छौ, तिमी खाली सिल्ली प्रश्न मात्रै, गर्छौ, तेरा बा बिते, सब ठिक छ त कान्छा, खानु, पिउनु, बिहा गर्नु, छोराछोरी जन्माउनु, एक पेंग, त्यस्ता गाउँमा गएर पढाउनु जस्ता संवादहरूले उपन्यासलाई रोचक बनाएको छ । उपन्यासमा नेपालको पहाडी जिल्ला

देखि विदेश सम्मका संवादहरू समावेश भएकाले उपन्यासलाई जीवन्त बनाएको छ । सामाजिक यथार्थवादी उपन्यास भएकाले उपन्यासको भाषाशैली सरल, सरस, सहज, पात्र अनुकूल, हुनुका साथै स्थान अनुकूल पनि रहेको छ । आञ्चलिक विशेषतालाई मौलिक रूपमा झल्काउन पनि यो उपन्यास सफल भएको छ । समग्रमा उपन्यासमा सरल सहज सम्प्रेष्य भाषाको प्रयोग गरिएको पाइन्छ ।

## ४.२ वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका आधारमा उपन्यासका पात्रहरूको वर्गीकरण

घनश्याम खड्काद्वारा लिखित 'निर्वाण' उपन्यास समकालीन नेपाली साहित्यमा सर्वाधिक लोकप्रिय रहेको साहित्यिक विधा उपन्यास फाँटमा आम प्रवृत्तिबाट खासै पृथक नरही लेखिएको उपन्यास हो । यस उपन्यासमा 'निर्वाण' भन्नाले ज्ञान प्राप्त गर्नुलाई जनाएको छ । यस उपन्यासको भौगोलिक परिवेश नेपालको पहाडि क्षेत्रदेखि विदेश सम्मको क्षेत्रलाई चित्रण गरिएको छ ।

'निर्वाण' उपन्यासमा ज्ञानको अभावले सही समयमा निर्णय गर्न नसकेपछि मानव जीवन अस्तव्यस्त भैरहँदाको जीवन भोगाइका तिता मिठा अनुभवहरूको औपन्यासिक प्रस्तुति, 'निर्वाण' उपन्यासको कथा वस्तुलाई गतिशील बनाउन मानवीय र मानवेत्तर पात्र तथा चरित्रहरू निर्माण गरिएको छ । यस उपन्यासमा प्रयुक्त मानवीय पात्रहरूलाई वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका आधारमा निम्न बमोजिम वर्गीकरण गर्न सकिन्छ :

**तालिका नं १**

**वर्गीय, लैङ्गिक, उमेगरगत र शैक्षिक अवस्थाका आधारमा पात्रहरूको वर्गीकरण**

| क्र.स | पात्रहरूको नाम | वर्गीय आधारमा | | | लैङ्गिक आधारमा | | उमेरका आधारमा | | | | शैक्षिक आधारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न | पु. | स्त्री | बा | यु. | प्रौ | वृद्ध | शिक्षित | अशिक्षित |
| १ | युवती | | | ✓ | | ✓ | | ✓ | | | ✓ | |
| २ | मोनिका | | ✓ | | | ✓ | | ✓ | | | ✓ | |
| ३ | जरिन | | ✓ | | ✓ | | | ✓ | | | ✓ | |
| ४ | सविता | | ✓ | | | ✓ | | | ✓ | | | ✓ |
| ५ | अनिरा | | ✓ | | | ✓ | | ✓ | | | ✓ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सोफिया | | ✓ | | | ✓ | | ✓ | | | ✓ | |
| ७ | सुनन्दा बाबु | | ✓ | | ✓ | | | | ✓ | | ✓ | |
| ८ | अशोक | | | ✓ | ✓ | | | | ✓ | | | ✓ |
| ९ | श्वेता | | | ✓ | | ✓ | ✓ | | | | ✓ | |
| १० | युवक | | ✓ | | ✓ | | | ✓ | | | ✓ | |
| ११ | नर्स | | ✓ | | | ✓ | | ✓ | | | ✓ | |
| १२ | दीप्ति | ✓ | | | | ✓ | | ✓ | | | ✓ | |
| १३ | बुबा | | ✓ | | ✓ | | | | ✓ | | | ✓ |
| १४ | आमा | | ✓ | | | ✓ | | | ✓ | | ✓ | |
| १५ | बहिनी | | ✓ | | | ✓ | ✓ | | | | ✓ | |
| १६ | मार्टिन | ✓ | | | ✓ | | | ✓ | | | ✓ | |
| १७ | आर्या | | ✓ | | | ✓ | | ✓ | | | ✓ | |
| १८ | अरूण | | ✓ | | ✓ | | | ✓ | | | ✓ | |
| १९ | सविन | | ✓ | | ✓ | | | ✓ | | | ✓ | |
| २० | विमल | | ✓ | | ✓ | ✓ | | ✓ | | | ✓ | |
| २१ | नम्रता | | ✓ | | | ✓ | ✓ | | | | ✓ | |
| २२ | मोटी महिला | | ✓ | | | ✓ | | | ✓ | | ✓ | |
| २३ | युवक (स्नातक) | | ✓ | | ✓ | | | ✓ | | | ✓ | |
| २४ | विलियम निकोल | ✓ | | | ✓ | | | ✓ | | | ✓ | |
| २५ | अकिनो | ✓ | | | ✓ | | | | ✓ | | ✓ | |
| २६ | मारिया | ✓ | | | ✓ | | | ✓ | | | ✓ | |
| २७ | जुलिया | ✓ | | | ✓ | | | ✓ | | | ✓ | |
| २८ | सुनिता | | ✓ | | | ✓ | ✓ | | | | ✓ | |
| २९ | सरिता | | ✓ | | | ✓ | ✓ | | | | ✓ | |
| ३० | डा. डीपि राओ | ✓ | | | ✓ | | | | ✓ | | ✓ | |
| ३१ | सविना | | | | | | | ✓ | | | | ✓ |
| ३२ | क्यारोलिना | ✓ | | | | ✓ | | ✓ | | | ✓ | |
| ३३ | शान्ति | | ✓ | | | ✓ | | ✓ | | | ✓ | |
| ३४ | शोमित | | ✓ | | | ✓ | | ✓ | | | ✓ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | गुरूदेव (गोविन्द) | | ✓ | | ✓ | | | | ✓ | | ✓ | |
| ३६ | श्वेताकी आमा | | | ✓ | | ✓ | | | ✓ | | | ✓ |
| ३७ | चिन्डे (चिक एरोनोटिकल | ✓ | | | ✓ | | | ✓ | | | ✓ | |
| ३८ | हुमन रिसोर्स | ✓ | | | ✓ | | | ✓ | | | ✓ | |
| ३९ | मोनिकाको बुबा | | ✓ | | ✓ | | | ✓ | | | ✓ | |
| ४० | मोनिकाकी आमा | | ✓ | | | ✓ | | ✓ | | | ✓ | |
| ४१ | मोनिकाको भाइ | | ✓ | | | | ✓ | | | | ✓ | |
| ४२ | पाले (बुढो) | | ✓ | | ✓ | | | | ✓ | | | ✓ |
| ४३ | मनोवैज्ञानिक | | ✓ | | ✓ | | ✓ | | | | ✓ | |

तालिकामा प्रस्तुत पात्रहरूको वर्गीकरणलाई हेर्दा प्रस्तुत उपन्यासको समाजलाई वर्गीय, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा फरक-फरक वर्गका प्रतिनिधि पात्रहरूको भूमिका रहेको पाइन्छ । दीप्ति, मार्टिन, विलियम, निकोल, अकिनो, मारिया, जुलिया, डा.डिपी राओ, क्यारोलिना, इन्जिनियर चिफ आदि पात्रहरूको उपस्थिति रहेको छ भने मध्य वर्गीय पात्रहरूमा मोनिका, मनोवैज्ञानिक, जरिन, सविता, अनिरा, सोफिया, सुनन्दा बाबु, अशोक, श्वेता, युवक, नर्स, बुबा, आमा, बहिनी, आर्या, अरूण, सविन, सुनिता, सरिता, शान्ति, महिला स्नातक (युवक), सुनिता, शोभित, गुरूदेव, मोनिकाका बा, आमा, श्वेताकी आमा, भाइ, मनोवैज्ञानिक उपस्थिति पाइन्छ ।

लैङ्गिक आधारमा पात्रहरूको वर्गीकरण गर्दा उपन्यासमा पुरुष पात्रहरूमा साइकोलोजिष्ट युवक, जरिन, सुनन्दाबाबु, अशोक, युवक, बुवा, मार्टिन, अरूण, सविना, विमल, युवक (स्नातक) विलियमनिकोल, अकिनो, डा. डिपी राओ, गुरूदेव (गोविन्द) चिफ एरोनोटिकल इन्जिनियर, झ्याप्ले हुमन रिसोर्स, बुवा, मोनिकाको भाइ, पाले बुढो आदि रहेका छन् भने स्त्रीपात्रहरूमा मोनिका, युवती, सविता, अनिरा, सोफिया, श्वेता, नर्स, दीप्ति, आमा, बहिनी, आर्या, नम्रता, मोटी महिला, मारिया, जुलिया, सुनिता, सरिता, सविना,

क्यारोलिना, शान्ति, शोमिता, श्वेताकी आमा, मोनिकाकी आमा आदिको उपस्थिति रहेको पाइन्छ ।

त्यसैगरी शैक्षिक आधारमा उपन्यासका पात्रहरूलाई वर्गीकरण गर्दा शिक्षित र अशिक्षित पात्रहरूमा युवती, मोनिका, जरिन, सविता, अनिरा, सोफिया, सुनन्दाबाबु, श्वेता, युवक, नर्स, दीप्ति बुवा, बहिनी, मार्टिन, आर्या, अरूण, सविन, विमल, नम्रता, मोटी महिला, युवक (स्नातक) विलियम निकोल, अकिनो, मारिया, जुलिया, सुनिता, सरिता, डा. डिपी राओ, क्यारोलिना, शान्ति, शोभित, गुरूदेव (गोविन्द) चिफ, एरोनोटिकल इन्जिनियर झ्याप्ले,। हुमनरिसोर्स डिपार्टमेन्ट चिफ, मोनिकाका बा, आमा, भाइ, साइकोलोजिष्ट आदि रहेका छन् भने अशिक्षित पात्रहरूमा अशोक आमा, सविना, श्वेताकी आमा, पाले बुढाको उपस्थिति पाउन सकिन्छ ।

समग्र उपन्यासमा प्रयुक्त पात्रहरूका वर्गीय, लैङ्गिक र शैक्षिक वर्गीकरणलाई आधार मानेर हेर्दा वर्गीय आधारमा मानेर हेर्दा वर्गीय पात्रहरूको उपस्थिति केही मात्रामा कमी भएता पनि भाषिक प्रयोगका सन्दर्भमा भने मध्यम वर्गीय पात्रहरूको नै बाहुल्यता रहेको पाउन सकिन्छ । त्यस्तै स्त्री र पुरुषको भाषिक प्रयोगका आधारमा वर्गीकरण गर्दा स्त्री पात्रभन्दा पुरूष पात्रको उपस्थिति कम देख्न सकिन्छ भने शैक्षिक आधारमा भाषिक प्रयोगकर्ताहरूमा अशिक्षित पात्रभन्दा शिक्षित पात्रहरूको वर्णन, 'निर्वाण' उपन्यासमा पाउन सकिन्छ । यसरी फरक वर्गका व्यक्ति र समाजको चित्रण प्रस्तुत उपन्यासका पात्रहरूले प्रयोग गरेका भाषाका आधारमा स्पष्ट रूपमा देख्न सकिन्छ ।

## ४.३ उपन्यासका पात्रहरूको प्रयोग गरेको भाषाको वर्गगत, लिङ्गगत, शब्द भण्डारगत र शैक्षिक अवस्थाको विश्लेषण

समाज रहेको ठाउँको वर्ग पनि हुनाले समाजसँग वर्ग पनि फरक हुने गर्दछ । समाज भएको वर्ग, लिङ्ग, शिक्षा, जात, धर्म, रीति रिवाज, संस्कृति तथा मूल्य मान्यता अनुसार भाषाको प्रयोग तथा भाषाको समाजपरक अध्ययन गर्ने विज्ञान नै समाज भाषा विज्ञान हो । उपन्यासले पनि समाजको यथार्थ चित्रण गर्ने हुँदा तत्कालिन समाजको यथार्थ चित्रणमा 'निर्वाण' उपन्यासका पात्रहरूले विभिन्न वर्ग, लिङ्ग, र शिक्षाका आधारमा प्रतिनिधित्व गरेको र चरित्र निर्वाह गरेको पाइन्छ । कुनै पनि वर्गमा उसको पारिवारिक वा आर्थि

स्तरसँग व्यवसायिक तथा शैक्षिक पक्ष पनि जोडिने गर्दछ र सामाजिक स्तरसँगै भाषाको स्तर पनि मिल्ने गर्दछ । 'निर्वाण' उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाका आधारमा उपन्यासमा रहेका वर्गीय तह र पात्रहरूको स्थितिलाई पहिल्याउन आवश्यक छ । 'निर्वाण' उपन्यासमा प्रस्तुत समाज र उक्त समाजमा देखिएको वर्गीय अवस्थालाई उच्च, मध्य र निम्न गरी तिन वर्गमा विभाजन गरी लैङ्गिक आधारमा स्त्री र पुरुष पात्रले प्रयोग गरेको भाषाका आधारमा लैङ्गक विभाजन र शैक्षिक अवस्थाका आधारमा शिक्षित र अशिक्षित गरी उपन्यासका पात्रहरूले प्रयोग गरेको भाषाको विश्लेषण यसरी गरिएको छ ।

### ४.३.१ उच्च वर्गीय पात्रहरूको भाषिक विश्लेषण

प्रस्तुत उपन्यास समसामयिक नेपाली समाजमा उच्च वर्गले निम्न वर्गमाथि गरेको शोषण, दमन र त्यसबाट समाजमा परेको नकारात्मक प्रभाव परिवेशभित्रको बाध्यतात्मक परिस्थितिको चित्रण गरिएको सामाजिक र ऐतिहासिक विषय वस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा उच्च वर्गीय पात्रहरू दीप्ति, मार्टिन, विलियम निकोल, अकिनो, मारिया, जुलिया, डा. डिपि राओ, क्यारोलिना, चिफ एरोमोटिकल इन्जिनियर, झ्याप्ले हुमन रिसोर्स, डिपार्टमेन्ट चिफ आदि ।

**दीप्तिको संवाद**

- 'माफ गर्नुहोला । दुई हात जोडी, मेरो स्टेरिङले कामै गरेन । (पृ.६९)
- आइ विल विय अल द एक्पेन्सेस अफ योर ट्रिटमेन्ट एण्ड द मेन्टेनेन्स कस्तअफ योर बाइक, यु जस्ट कुल मी टुमरो अर द डे आफ्टर । (पृ.६९)
- मतलब अस्ति यहाँको बाइकलाई मेरो गाडीले गल्तीबस छोएको थियो तपाई लड्नु भएको थियो । अनि बाइक किच्चिएको, अनि मैले कार्ड दिएकी थिएँ । ( पृ.१३२)
- 'नाइस टु सी यु हेयर' अस्तिको घटनाप्रति दुःखी छु । लेट्स हयाब अ कफी एज ए कम्पनसेसन । पृ.१३२)
- 'अनौठो ढङ्गले तपाईको सम्झना आइरहेको थियो मलाई कतै कही ठूलै चोट पो लागेछ कि त भन्ने डर पनि लागिरहेका थियो । पृ.१३३)
- 'आज तपाईको काफी यादगार हुनेछ ।' पृ. १३४)

- 'नचिनेकी केटीले कहाँ ल्याई भनेर सोचिरहनु भएको होला, होइन ? (पृ.१३५)
- 'वीआर जस्त गाइड, ओभर देअर कम अन,' ।(पृ. १३६)
- 'यु आर क्डिन्याप्ड' ऊ उच्च स्वरले हाँसी । (पृ. १३६)
- किन चुप लागेको ? (पृ.१३६)
- 'तपाई साइकोलोजिस्ट हुनुहुँदो रहेछ, होइन ? (पृ.१३७)
- 'काफी समभ्कदार हुनुहुन्छ ।' (पृ. १३७)
- 'डन्ट वी सो सिरियस, यु आर नट किडन्याप्ड ।' (पृ.१४१)
- 'अस्तिको एक्सिडेन्ट खासमा एक्सिडेन्ट नै थिएन । मेरो कारको स्टेरिङ नै फेल भएको थिएन । (पृ.१४३)
- 'कहिलेकाहीँ, कार चलाइरहेका बेला अगाडि जो आउँछ, उसलाई हानिदिऊँ जस्तो हुन्छ । कतिपटक रोक्न खोज्छु, सक्दै सक्दिनँ ।' (पृ.१४२)
- 'कहिलेकाहीँ, कार चाइरहेका बेला अगाडि जो आउँछ, उसलाई हानिदिउँ जस्तो हुन्छ । कतिपटक रोक्न खोज्छु, सक्दै सक्दिनँ । अस्ति पनि त्यस्तै भएको थियो । म एयरपोर्टबाट सिधैँ घर जाँदै थिएँ । अचानक मलाई कार कतै ठोकिदिउँ जस्तो भयो । परबाट बाइक आइरहेको देखेँ । मैले नचाहाँदा नचाहँदै पनि स्टेरिङ बाइकलाई ताक्दै बटारिन थाल्यो । बाइकमा को थियो, मलाई अत्तापत्तो थिएन । ठोक्किनै लागेपछि मलाई डर लाग्यो । अनि आँखा चिम्लिएँ । कसोकसो गरी बाइक मिस भएछ । मेरो कार नालीमा गएर जाक्कियो एकै सेकेन्डमा किन यस्तो हुन्छ मलाई थाहा छैन । जब यस्तो हुन्छ म आफैलाई रोक्न सक्दिनँ ।' पृ.१४२)
- 'पर्खनुस् म भन्द छु । यसैका लागि त आज यहाँ भेटिएकी छु, कति काम त्यसै छाडेर ।' (पृ. १४४)
- 'सत्य भन्नु हुन्छ भने मेरो एउटा प्रश्न छ ?' (पृ.१४४)
- मोनिकासँग तपाईको सम्बन्ध कस्तो हो श्र (पृ.१४४)
- 'आर यु इन लभ विथ हर ।' (पृ. १४४)
- मोनिकालाई तपाईले चाहिँ कसरी चिन्नुभयो, त्यो भन्नुहोस् बरू ?' (पृ.१४४)
- 'वी आर गुड फ्रेन्डस द्याटस अल । ' (पृ.१४४)
- 'तपाईको कुरा कति मान्छे उसले ?' (पृ. १४४)
- 'उसको परिवार प्लेन क्र्यासमा परेको त तपाईलाई थाहै होला । ' (पृ.१४५)

- ‘दुई वर्ष अघि राइट एन्टरनेशसनल एयरवेजको जेट विमान महासागरमा खस्दा २ सय ५० मानिस समुद्रमा डुबे उसका बा आमा र एउटै भाइ पनि त्यसैमा थिए ।’ (पृ.१४५)
- ‘त्यो एक षडयन्त्र थियो, हत्या थियो ।’ (पृ.१४५)
- महासागरमा खसेको विमान खासमा खसाइएको थियो । त्यो पनि राइट इन्टरनेसनल एयरवेजकै मालिक विलियम निकोलकै षडयन्त्रमा । (पृ.१४६०
- एक मोडलसँगको उसको गोप्य रोमान्सको भिडियो टेप पाइलटले सुट गराएको थियो । (पृ. १४६)
- ‘आफू यसरी ब्ल्याकमेलिङमा परेको कुरा खुद निकालेले मसँग भनेको थियो ।’ (पृ. १४६)
- जुलिया उसकै कम्पनीको एरोनटिकल इन्जियिनर जुलिया महत्वाकांक्षी थिई । अर्बपति मालिकले त्यो बुझ्यो । अनि उसलाई आफ्नो बाहुपासमा बाँधेर पैसै पैसामाथि ओच्छ्यायो । बदलामा उसले सानो काम गरिदिनुपर्थ्यो, त्यो के भने, उडेर दुई घण्टापछि जहाजको इन्जिन सिज हुने व्यवस्था मिलाइदिनुपर्ने । (पृ. १४७)
- जुलिया सफल भई एकजना अकिनोसँग बदला लिन यसरी निकोलले २ सय ४९ को ज्यान लियो जसमा मोनिकाको पुरै परिवार पनि थियो । (पृ.१४७)
- दीप्तिको चाहना छ , मोनिकाले राइट इन्टरनेसननल विरूद्ध मुद्दा लडोस् । ‘बाँकी सारा प्रमाण पैसा म जुटाउँछु, बस्, मोनिकाले टाउकामा केस लिए पुग्छ , आफ्ना बा आमा र एक्लो भाइ गुमाएको रिभेन्ज लिनु छ भने उसले यो गर्नैपर्ने हो ।’ (पृ. १४७)
- ‘तपाईको कल डिटेल्समा उसको नम्बर बरोबर देखेपछि र उसले पठाएको म्यासेजहरू पनि पढेपछि एउटा निचोडमा म पुगेँ , मोनिकाको रूचि तपाईमाथि चाहिँ रहेछ ।’ (पृ. १४७)
- ‘कहा कतिखेर तपाई निस्कनुहुनछ भन्ने सूचना दिन त्यहाँका मान्छेहरू लगाएकी थिएँ, त्यसै दिन आधा रातमा खबर आयो । (पृ.१४८)
- दीप्तिले परेला झिमझि पारी, एकदम नखरपाउनली पारामा, म यो सारा बदमासी निक भनिरहेको छु थाहा छ ? (पृ.१४८)

- 'किन भने तिमी सरल छौ, अनि इमान्दार पनि, यति तजुर्बा त मसँग हजारौँ स्टाफसँग डिल गर्दागर्दै आइसक्यो, इमान्दार मान्छेसँग म बेइमान हुन सक्दिन, त्यसैले। ' (पृ.१४८)
- दीप्ति इन्टरनेसनल एयर एयरवेजको सबभन्दा ठूलो शत्रु नै राइट एयरवेज हो । यसको साख गिराउन पाए, संसारको नम्बर एक उडान कम्पनी हुन्छ मेरो कम्पनी । ड्याडी भनिसिन्छ, निकोलसँग सिक्नुपर्छ । म भन्छु, निकोललाई सिकाउनुपर्छ ।' (पृ.१४९)
- 'बाँच भनेको हो भने त्यो म गरिरहेको छु अनि छाड भनेको हो भने सुरू नै नगरेको कुरा म कसरी छाड्न सक्छु ? ' (पृ. १४९)
- 'निकोलको कम्पनी डुबेको दिन म भन्दा बढी खुसी को होला ।' (पृ.१४९)
- 'मुद्दा जित हारको सवालै होइन मुद्दा चल्नु नै निकोलको साख गिर्न काफी छ । उसको ध्यान मुद्दामा डाइभर्ट भएका बेलामा म एकहोरो कम्पनीको प्रमोट गर्न पाउँछु । अनि भिडियो टेपको कुरा चल्ने बित्तिकै मारिया उसँग भड्किन्छे, ठूलो स्केलमा उसलाई लस हुन्छ । ' (पृ.१४९)
- 'तिमीले मनाउने गरी भन्यौ भने मान्छे, तिम्रो हातमा छ ।' 'यु आर द राइट पर्सन फर दिस ।' (पृ.१५०)
- 'तिमी खालि सिल्ली प्रश्न मात्रै गर्छौ ! अरू सँग पनि मैले एक्सेस बनाइरहेको छु ।' (पृ.१५०)

माथिको उदारहणमा दीप्ति उच्च्च वर्गको पात्रको रूपमा प्रस्तुत भएकी छिन् । उनको भाषाको एक स्त्री भएर अर्को स्त्रीको सम्मान गर्न जान्ने र समाजमा आफूभन्दा ठूलो कसैलाई नदेख्ने नारी वर्गको रूपमा प्रस्तुत गराएको छ । संवादमा प्रयोग भएको भाषमा हैकमवाद, ठालुपन र सामन्ती प्रवृत्तिको झलक स्पष्ट रूपमा देख्न सकिन्छ । उच्च सामन्ती वर्गका रूपमा भाषामा रहेकी दीप्तिको संवाद आफ्नो वर्गको भाषाको प्रयोगमा भाषिक शिष्टता र मर्यादा पाइन्छ भने तल्लो स्तरको भाषामा हैकमवाद तथा सामन्तीवादको प्रभाव स्पष्ट रूपमा देखिन्छ ।

### ४.३.२ मध्यम वर्गीय पात्रहरूको भाषिक विश्लेषण

प्रस्तुत उपन्यासका पात्रहरूले वर्गीय आधारमा उच्च, मध्य र निम्न वर्गको समाजको भाषाको चित्रण गरेका छन् । उपन्यासमा मध्यम वर्गीय पात्रहरूको प्रयोग पनि भएको छ । मध्यम वर्गीय पात्रहरूमा मोनिका, जरिन, सविता, अनिरा, सोफिया, सुनन्दाबाबु, युवक, नर्स, बुबा, आमा, बहिनी, आर्या, अरूण, सविन, विमल, नम्रता, मोटी महिला, युवक (स्नातक), सरिता, शान्ति, शोभिता, मोनिकाका बा, मोनिकाकी आमा, मोनिकाको भाइ, साइकोलोजिस्ट रहेका छन् । यी मध्यम वर्गीय पात्रहरूले प्रयोग गरेको भाषा यस प्रकार छ :

**मोनिकाको संवाद**

- 'कहिले कहिले त्यसै नरमाइलो लाग्छ, त्यो आफै ठीक भइहाल्छ नि,' । (पृ. ३)
- 'तिमी वाइन त लिन्छौ होला नि ? (पृ.३)
- 'आज तोडिदेऊ त्यसलाई एक पेग मसँग लिऊ, के जान्छ त तिम्रो ?' (पृ.३)
- खासमा म जन्मदिन सन्मदिन मनाउने केटी होइन ।' (पृ.७०
- 'तर किन किन, तिमीलाई भेटेकै दिन मलाई यसपालि रमाइलो गर्न मन भयो ।' ( पृ.७)
- वाइन त सफ्ट ड्रिङ्क जस्तै हो, हामी क`टीहरूको पेय । (पृ.७)
- 'केही परेको पनि होइन, तिमी सधै खुसी भइरहन सक्छौ ?' (पृ.७)
- 'थाहा छैन तर यही जीवन कहिले सुखपूर्ण लाग्छ, सधैँ बाँचिरहुँ जस्तो, कहिले बाँच्नुपर्ने कुनै कारण म देख्दिनँ र अहिल्यै मरिहालुँ जस्तो लाग्छ । खानु पिउनु विवाह गर्नु, छोराछोरी जन्माउनु र हिँड्नु मात्र जीवन हो भने यो भर्को लाग्दो छैन त ?' (पृ.८)
- 'जे सुकै भन, मलाई त संसार बाँच्न लायक कहिल्यै लागेन ।' (पृ.९०
- 'तिमी साँच्चै रमाइला छौ । आज म खुस्सी छु ।' (पृ.९)
- 'आउ न के ट्वाल्ल परेको । ' (पृ.१३)
- 'लौ, यही हो मेरो सपना देख्ने ठाउँ ।' (पृ.१४)
- 'लौ म त सुतेँ ।' (पृ.१५)
- 'ओइ मान्छे । कता हिँडेको ?' (पृ.१६)
- ' के हो रिप्लाई पनि गर्दैनौ ?' (पृ.१७)
- 'ट्वाइलेटको ठेगना हुँदैन ।' (पृ.१७)

- 'उल्लु । त्यसो हो भने त तिम्रो ऊ नै ढलको मुहान भयो, बिचरा ट्वाइलेटलाई के दोष ।' (पृ.१७)
- 'घडी हेर । हतार छ, अबको एक घण्टामा तिमी म कहाँ आऊ ।' (पृ.१७)
- 'बेपत्ता महाराज ।' भनी, 'आधी रातमा गायब हुन सक्ने कलाको प्रदर्शन गज्जबले गऱ्यौ त ।' (पृ.२१)
- 'योगी सुते पनि जागै रहन्छ, बरू जागे पनि निद्रामै हुन्छन् बालक ।' (पृ.२१)
- 'आउन पाएको छैन जान हतार । (पृ.२२)
- 'साइकोलोजी आफु मात्रै बुझ्छु भन्ने ठान्छौ ?' (पृ.२४)
- 'तिमीले आफू मरेको सना देखेका छौ ?' (पृ.२३)
- 'एउटा कुरा भन, तिमी कहिले गर्छु जस्तो ठान्छौ ?' (पृ.२४)
- 'खालि खानु, सुत्नु र हिड्नु अनि काल पर्खेर मर्न पनि एउटा आत्महत्य नै त हो नि तर यो ढिलो र दिनहुँ लगाएर गरिन्छ । कुर्न नसक्नेहरू एकै दिनमा मर्छन । यसमा फरक के छ ?' (पृ.२५)
- 'तिमीलाई के लाग्छ, मरेपछि जीवन साँच्चै नै सकिन्छ ?' (पृ.२६)
- 'म जुन कुरामा जीवन नै दाउमा लगाउन चाहिरहेकी छु, त्यसमा तिम्रो अलिकति पनि चासो भए जस्तो लागेन ।' (पृ.२६)

**जरिनको संवाद**

- 'खास केही भएको छैन ।' (पृ.४०)
- 'तपाइँ जति गर्नुहोस् मलाई जीवनप्रति कुनै मोह नै छैन ।' (पृ.४०)
- 'के म ठट्टा गर्दैछु जस्तो लाग्यो श्र' (पृ.४०)
- 'अनि के विचारहरू टाउको बिना पनि हावामा झुण्डिएर बसिरहन्छन् र ?' ( पृ.४१)
- तपाईले त जादु नै गरिदिनु भयो ।'(पृ.४१)
- 'मैले चिन्ता र वेदनाको जरो चिनें, यो आफ्नै विचार रहेछ । त्यसलाई जोगाउन वा नष्ट गर्न खोज्ने अरू विचारहरू रहेछन् । विचारबाट पर हटेपछि संसार जस्तो छ त्यस्तै देखिने रहेछ ।' (पृ.४३)

- 'यो जीवन, मैले आत्महत्या गरेर सक्नै लागिरहको थिएँ, संयोगले त्यो हुन पाएन ।बाँकी समय मेरा लागि बोनस हुने भयो । जहाँ गए पनि तपाईँलाई बिर्सने छैन ।' (पृ.७०)
- 'सर लेट्स गो टु हस्पिटल ।' (पृ.७०)
- 'दीप्तिको बारेमा सुन्नु नै भएको थिएन सरले ?' (पृ.७२)
- 'लौ ! यो त विश्वकै धनी युवतीहरूको सूचीमा यसपाला परेकी केटी हो ।' (पृ.७२)
- 'अहिले कत्रो स्टारडम छ संसारमा यसको ।' (पृ.७२)
- 'म त मरिसकेको मान्छे, उसले भन्यो 'तपाईको काउन्सेलिङले त गजबै गऱ्यो ।' ( पृ.७३)

**गुरूदेवको संवाद**

- समय कम छ, सु:द धेरै छ । अब एक दिन पनि व्यर्थमा नफाल । सत्यको खोजी गर ।' .(पृ. २३२)
- 'पहिलो तिमी आज दिनभर यहाँ बस । आँखा चिम्ल, पलेंटी कस र मनमा के के विचारहरू आउँछन्, त्यसलाई एकएक गरी केलाऊ । मलाई साँझ भन्नु तिम्रो जीवनको खोज के हो ? के त्यसपछि के गर्नुपर्छ ।' (पृ.२३२)
- 'जीवन लगाउनुपर्छ यसक लागि । भन तयार छ्यौ?' (पृ.२३३)
- 'खालि केही समयको सुखका लागि थोरै बेर मन बहलाउन, केही शान्ति पाउन म कहाँ आइरहनु पर्दैन । त्यति आनन्द त जुवा खेले पनि हुन्छ , सहवास गरे पनि मिल्छ, गाँजा खाए पनि हुन्छ, सहवास गरे पनि हुन्छ । एक छिनको मनको भरोसाका लागि आउनेलाई म समय दिन सक्दिन जसलाई सत्यको गहिरो रूचि, छ, जो यसका लागि जीवननै दाउमा लगाउन तयार छ, उसका लागि मात्र मेरो समय उपलब्ध छ । भन, तिम्रो खोज के हो ?' (पृ.२३३)
- 'तिमी अर्को महिना म कहाँ आउनु । एउटा प्रश्न दिन्छु, त्यसको उत्तर खोज्नु ।' ( पृ.२३४)
- 'तिमी कहिले मर्छु जस्तो लाग्छ ? मरेपछि कहाँ पुगिन्छ जस्तो लाग्छ ? मृत्युपछि जीवन सकिन्छ कि केही बाँकी रहन्छ ? यस प्रश्न प्रत्येक सासमा सपनामा पनि गर्न नभुल्नु । कसैसँग कुरा भए उसलाई पनि यो सोध्नु । कस्तो प्रतिक्रिया मिल्छ

हेर्नु । यो सुनेर कसैको रौँ ठाडो भएर आयो भने उसलाई पनि लिएर आउनु । ल अहिले जाऊ ।' (पृ.२३४)

उपयुर्क्त माथि प्रस्तुत संवादहरूले मध्यम वर्गीय समाजको पात्रहरूको चित्रण गरेको पाइन्छ । मोनिका उपन्यासमा मध्यमवर्गीय पात्रका रूपमा देखा परेकी छ । उनको भाषामा गुरूदेवलाई आज्ञाहोस र मनोवैज्ञानिकलाई 'ओई मान्छे ! ' सम्बोधन भएको छ, जुन नेपाली समाजको मध्यम वर्गीय भाषा हो । त्यस्तै जरिनको संवादमा साइकोलोजिस्टलाई तपाई दीप्तिलाई यो को सम्बोधन गरेकाले जरिनलाई नेपाली समाजको मध्यम वर्गीय पात्रको रूपमा लिन सकिन्छ । त्यस्तै गुरूदेवको संवादमा मोनिकालाई तिमी भएकाले यिनीहरू मध्यम वर्गीय पात्रहरूको रूपमा उपन्यासमा प्रस्तुत भएको पाइन्छ ।

### ४.३.३ निम्नवर्गीय पात्रहरूको भाषिक विश्लेषण

सामाजिक र ऐतिहासिक पक्षलाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको यस उपन्यासमा समाजका विभिन्न वर्गका पात्रहरूलाई चित्रण गर्ने क्रममा प्रस्तुत उपन्यासमा निम्न वर्गीय पात्रहरूको पनि प्रयोग भएको छ । निम्नवर्गीय पात्रहरूमा अशोक, आमा, सविना, श्वेताकी आमा, पाले बुढो आदि रहेका छन् ।

**अशोकको संवाद**

- 'बाबु कहाँ जाने हो ?' (पृ. ५४)
- 'मलाई त लागेका थियो तपाइँ सुनन्दा बाबुले पठाएको मान्छे हो ? आजै आइपुग्ने कुरा थियो , मत लिन भनेर पो आएको ! '(पृ.५४)
- साँच्चै भन्नु भएको !' 'त्यस्ता गाउँमा गएर पढाउनु हुन्छ र ?' (पृ.५५)
- 'लौ बाबु ! ' भने, 'यही हो मेरो कुटी, जति मन लाग्छ यहीँ बसे हुन्छ । भोलि स्कुल पनि देखाइ दिम्ला ।' ((पृ.५७)
- 'बाबु केही अझै बसी दिनु ।' (पृ.९४)
- 'सुनन्दा बाबु अर्को महिना त पक्का आउँछन्, ।'(पृ.९४)

**आमाको संवाद**

- 'सब ठीक त छ कान्छा ?' (पृ.२३६)

- 'तिमीहरूको दिनदशा बिग्रिएको, के खान जानु परेको त्यति टाढा ?' (पृ.२३८)
- 'तेरा बा बिते ।' (२३८)

माथि प्रस्तुत पात्रहरूका माध्यमबाट अशोक र आमाले प्रयोग गरेको भाषाको समाजको निम्नवर्गीय पात्रहरूको यथार्थ चित्रण गरेको पाइन्छ । अशोक निम्न वर्गीय पात्रका रूपमा उपन्यासमा उभिएको छ । प्रस्तुत शोधमा अशोकको सम्वादमा साइकोलोजिस्टलाई बाबु सम्बोधनले उसलाई निम्नवर्गको प्रतिनिधि पाका रूपमा भाषिक प्रयोगलाई स्पट पारेको छ । आमाको संवादबाट पनि निम्न वर्गीय अशिक्षित पात्र भएको स्पष्ट हुन्छ । सम्बोधनका क्रममा छोरालाई तेरा सम्बोधन गरेबाट नेपाली समाजको निम्नवर्गीय पात्रको रूपमा आमालाई लिन सकिन्छ । यसरी समाजमा देखिने भाषिक भेद सँगसँगै उच्चवर्गले निम्नवर्ग माथि गरेको शोषण, दमन र उत्पीडन प्रयोग हुने भाषाको भेदलाई 'निर्वाण' उपन्यसभित्र वर्गीय रूपमा आमालाई लिन सन्छि । यसरी समाजमा देखिने भाषिक भेद सँगसँगै उच्च वर्गले निम्नवर्ग माथि गरेको शोषण, दमन र उत्पीडन प्रयोग हुने भाषाको भेदलाई 'निर्वाण' उपन्यासभित्र वर्गीय रूपमा विभाजित पात्रहरूका माध्यमबाट स्पष्ट रूपमा छुट्याउन सकिदैन । सबै वर्गका पात्रहरूले प्रयोग गरेको भाषा एउटै जस्तो लाग्छ । उनीहरूको प्रयोग गरेको भाषमा उच्चवर्गको रहन सहन र ओहोदाको प्रभाव रहेको छ । पात्रगत भेदअनुसार सामाजिक भेद र भाषिक भेद रहेको पाइन्छ । वर्गीयताका कारण भाषिक प्रयोगमा सशक्त हुने गर्दछ भन्ने कुराको स्पष्ट आधार उपन्यासमा पाउन सकिन्छ ।

### ४.३.४ लैङ्गिक आधारमा 'निर्वाणं' उपन्यासका पात्रहरूले प्रयोग गरेको भाषाको विश्लेषण

विषय वस्तुको आधारमा भाषाको प्रयोग फरक भए जस्तै लिङ्गका आधारमा पनि भाषाको प्रयोगमा भिन्नता पाइन्छ । एउटै समाज र एउटै परिवारभित्र पनि महिला र पुरुषले प्रयोग गर्ने बोलिमा विभेदहरू भेटिन्छन् । भाषिक प्रयोगको अवस्थाबाट प्राय : भाषामा महिला हो कि पुरुष छुट्याउन सकिने हुन्छ । यसका साथै ध्वन्वयात्मक गुण रसको विभेद गर्ने क्षमता र शब्द भण्डारका दृष्टिले धेरै जसो भाषामा महिला र पुरुषको भाषा प्रयोगमा भिन्नता देख्न सकिन्छ । 'निर्वाण' उपन्यासभित्र लैङ्गिक अवस्थालाई विश्लेषण गर्नुका साथै लैङ्गिक अवस्थाका कारण देखिएका भाषिक भेदलाई यहाँ देखाउने प्रयास गरिएको छ । उपन्यासका पात्रहरूको लैङ्गिक अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

| क.सं. | पुरूष पात्रहरू | क.सं. | महिला पात्रहरू |
|---|---|---|---|
| १ | जरिन | १ | युवती |
| २ | सुनन्दा बाबु | २ | सविता |
| ३ | अशोक | ३ | अनिरा |
| ४ | युवक | ४ | सोफिया |
| ५ | बुवा | ५ | श्वेता |
| ६ | मार्टिन | ६ | नर्स |
| ७ | अरूण | ७ | दीप्ति |
| ८ | सविन | ८ | आमा |
| ९ | विमल | ९ | बहिनी |
| १० | युवक (स्नातक) | १० | आर्या |
| ११ | विलियम निकोल | ११ | नम्रता |
| १२ | अकिन्ते | १२ | मोनिका |
| १३ | डा.डिपी राओ | १३ | मोटी महिला |
| १४ | गुरूदेव गोविन्द | १४ | मारिया |
| १५ | इन्जिनियर | १५ | जुलिया |
| १६ | झ्याप्ले हुमन रिसोर्स | १६ | सुनिता |
| १७ | मोनिकाको बा | १७ | सरिता |
| १८ | मोनिकाको भाइ | १८ | सविना |
| १९ | पाले | १९ | क्यारोलिना |
| २० | मनोवैज्ञानिक | २० | शान्ति |
| | | २१ | शोभिता |
| | | २२ | श्वेताकी आमा |
| | | २३ | मोनिकाकी आमा |

उल्लेखित तालिकाले 'निर्वाण' उपन्यासमा रहेका पात्रहरूको लैङ्गिक अवस्थालाई स्पष्ट पारेको उल्लेखित पात्रहरूमध्ये उपन्यासमा प्रमुख महिला पात्रका रूपमा मोनिका र प्रमुख पुरष पात्रका रूपमा मनोवैज्ञानिक रहेका छन् । यसका साथै श्वेता, दीप्ति, अशोक, जरिन, आमा सहायक पात्रका रूपमा परेका छन् । प्रमुख पात्र र सहायक पात्रहरूले नै उपन्यासलाई सुरूदेखि अन्त्यसम्म डोऱ्याउने काम गरेका छन् । यी पात्रहरूका सम्वादका क्रममा भाषामा समेत लैङ्गिक प्रभाव रहेको स्पष्ट थाहा पाउन सकिन्छ ।

## ४.३.५ शब्द भण्डारका दृष्टिले भाषाको लैङ्गिक विश्लेषण

भाषा प्रयोगका क्रममा कुनै पनि महिला र पुरुषबिच देखिने विभेदीकरणलाई लैङ्गिक रूपमा विश्लेषण गर्दा शब्द भण्डारलाई प्रमुख आधार मान्नु पर्छ । त्यो नै शब्द भण्डारगत विविधता हो । उपन्यासमा प्रयुक्त लैङ्गिक विभेद देखाउने शब्दहरू यसप्रकार छन् :

| क्र. सं | प्रयुक्त शब्द | पुरुष | स्त्री | आदर | अनादर | एक वचन | बहु वचन | प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष | मानक रूप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मुस्कुराइ एउटै सोधी | | | | | | | | | | सोध्नु |
| २ | गलाएको | | | | | | | | | | चिन्तित |
| ३ | छरिदिई | | | | | | | | | | छोड्नु |
| ४ | छाँट देखाई | | | | | | | | | | देख्नु |
| ५ | खुसी भइसक्यौ | | | | | | | | | | भइसक्नु |
| ६ | मुस्कुराइएर हिँडी | | | | | | | | | | हिड्नु |
| ७ | उसलाई बोलाई | | | | | | | | | | बोलाउनु |
| ८ | चाल पाइहाली | | | | | | | | | | थाहा पाउनु |
| ९ | सोधे | | | | | | | | | | सोध्नु |
| १० | यहीँ बस | | | | | | | | | | बस्नु |
| ११ | सुनिएन | | | | | | | | | | नसुन्नु |
| १२ | देखिएन | | | | | | | | | | नदेख्नु |
| १३ | उठ्छ | | | | | | | | | | उठ्नु |
| १४ | बोलिदिएँ | | | | | | | | | | बोल्नु |
| १५ | नजा है कान्छा | | | | | | | | | | कान्छो |
| १६ | चिन्ता गरिरहनु | | | | | | | | | | गर्नु |
| १७ | काम गर्दिराछ | | | | | | | | | | गर्नु |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | गर्न दिँदैन | | | | | | | | | | नदिनु |
| १९ | भागु जस्तो भइरहेको छ | | | | | | | | | | भाग्नु |
| २० | मलाई उसले भनी | | | | | | | | | | भन्नु |
| २१ | दिएकी थिएँ | | | | | | | | | | दिनु |
| २२ | भेट भइहाल्यो | | | | | | | | | | भेट हुनु |
| २३ | किन चुप लागेको | | | | | | | | | | चुप लाग्नु |
| २४ | पाराले मुस्कुराई | | | | | | | | | | मुस्कुराउनु |
| २५ | थालेको थियो | | | | | | | | | | देखिनु |
| २६ | बिक्न थाल्यो | | | | | | | | | | बिक्नु |
| २७ | मिलाई दिनुपर्ने | | | | | | | | | | मिलाउनु |
| २८ | म फन्किएँ | | | | | | | | | | फन्किनु |
| २९ | के बुझ्यौं | | | | | | | | | | बुझ्नु |
| ३० | उसले भनी | | | | | | | | | | भन्नु |
| ३१ | बोलिरहेको रहेछु | | | | | | | | | | बोल्नु |

माथिको उदाहणबाट भाषिक भिन्नता देखाउने शब्दको प्रयोग भएको स्पष्ट हुन्छ । यसले उपन्यासमा प्रयोग भएको शब्दको भिन्नतालाई देखाउँछ । एउटै भाषामा एउटै शब्दलाई पनि प्रयोगका क्रममा लैङ्गिक संरचनाले प्रभाव पार्ने गर्दछ । महिला र पुरुषको प्रयोगमा भिन्नता पाइन्छ । त्यसै गरी आदर, अनादर शब्दको प्रयोगमा पनि भिन्नता पाइन्छ । आदर र अनादर त्यसै गरी एकवचन र बहुवचनमा पनि बहुवचनभन्दा एकवचनको संख्या धेरै रहेको छ । पुरुषको आधारमा पनि प्रयुक्त शब्दमा फरक पाइन्छ । उपन्यासमा रहेको पात्रहरूलाई लिङ्गगत आधारमा फरक भएजस्तै शब्दको प्रयोगमा पनि फरक पाइन्छ । यसरी 'निर्वाण' उपन्यासमा लिङ्गगत विभेद रहेको छ र शब्द प्रयोगमा भिन्नता देखिन्छ ।

### ४.३.६ शैक्षिक अवस्थाका आधारमा 'निर्वाण' उपन्यासको भाषिक विश्लेषण

भाषिक भेदको प्रमुख कारण शिक्षालाई मान्नु पर्ने हुन्छ । शिक्षित र अशिक्षित व्यक्तिको भाषाको प्रयोग फरक पाइन्छ । उदाहरणका रूपमा एक पढेलेखेको मानिस र एक अनपढ मानिसले प्रयोग गर्ने भाषामा धेरै अन्तर वा फरक पाउन सकिन्छ । समाजको शैक्षिक अवस्थालाई शुक्ष्म रूपमा केलाएर हेर्दा र शिक्षित र अशिक्षितले प्रयोग गर्ने तह फरक-फरक रहेको पाउन सकिन्छ । कसैले विद्यालय तहको, कसैले स्नातक तहका त कसैले सोभन्दा पनि माथिको शिक्षा हासिल गरेको हुन्छ । प्राप्त शैक्षिक योग्यता र तह अनुसारको व्यक्तिले प्रयोग गर्ने भाषा पनि फरक -फरक प्रकृतिको हुन्छ जस्तै विद्यालय तहको मात्र शिक्षा लिएको मानिस र स्नातक तहसम्मको शिक्षा लिएको मानिसले प्रयोग गर्ने भाषामा फरक पाउन सकिन्छ । निश्चित शैक्षिक तह र अवस्थासँग सम्बन्धित वक्ताको भाषिक उच्चारण, शब्द चयन, शैली र विषय वस्तुको प्रतिपादन प्रक्रिया आदि विभिन्न कोणबाट भाषिक भेदको अवस्था छुट्याउन सकिन्छ ।

भाषिक दृष्टिले 'निर्वाण' उपन्यासको अध्ययन गर्दा यहाँ लेख्य भाषाको रूपमा स्तरीय मानक भाषाको प्रयोग भएको पाइन्छ । संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषाको पनि प्रयोग भएको छ । उपन्यासकारले उपन्यास भन्दा बाहिर बसेर उपन्यासका पात्रहरूको विषयमा वर्णन गरेका छन् ।

कथ्य भाषाको रूपमा सहरिया परिवेश, गाउँले परिवेश, अन्तराष्ट्रिय परिवेशका बासिन्दाले बोल्ने भाषा र मुख्य गरी अंग्रजी भाषाको प्रयोग गरिएको छ । कथ्य भाषाका निम्ति पात्र पात्रविच सम्वाद गराएर प्रस्तुत गरेका छन् । अङ्ग्रेजी भाषाका शब्दहरू र संस्कृत भाषाका श्लोकहरू प्रयोग भएको पाइन्छ । लेख्य भाषा त्यहाँको स्थानीय वातावरण र भाषिकाबाट प्रभावित भएको पाइदैन ।

प्रस्तुत शोधमा 'निर्वाण' उपन्यासलाई शैक्षिक दृष्टिले अध्ययन गरिएको छ । यो उपन्यासले आधुनिक परिवेशलाई समेटेको र समाजको सामाजिक, आर्थिक, सांस्कृतिक, ऐतिहासिक, शैक्षिक र राजनैतिक अवस्थाको विभिन्न पक्ष र धारणाहरूलाई चित्रण गरिएको छ । तत्कालिन समयमा भइरहेको दमन, त्रास र बाध्यात्मक परिस्थिति, शङ्का र अविश्वासलाई प्रस्ट पनि लेखकले विभिन्न स्तरका भाषाहरूको प्रयोग गरेका छन् ।

प्रस्तुत उपन्यासमा पात्र अनुसारको भाषाको प्रयोग भएको पाइन्छ । पात्रहरूले प्रयोग गर्ने भाषिकामा पुलिङ्ग र स्त्रीलिङ्ग आदरार्थीको प्रयोगमा भेद राखिएको छैन् । सर्वनाममा तिमी, तँ, तपाइँ, हजुर ए फरक फरक किसिमको क्रियापदको प्रयोग भएको छ । फरक फरक आदरार्थी भाषाको प्रयोग भएको छ । शैक्षिक दृष्टिले मोनिका, युवती, जरिन, अनिरा, सोफिया, युवक, नर्स, दीप्ति, बुवा, बहिनी, मार्टिन, आर्या, अरूण, सविन, विमल, नम्रता, मोटी महिला, युवक, विलियम निकोल, अकिनो मारिया, जुलिया, सुनिता, सरिता, डा. डीपि राओ, क्यारोलिना, शान्ति, शोमिता, गुरूदेव, इन्जिनियर, डिपार्टमेन्ट चिफ, मोनिकाका बा, मोनिकाकी आमा, मोनिकाको भाइ, मनोवैज्ञानिकले प्रयोग गरेको भाषा शिक्षित व्यक्तिले प्रयोग गर्ने भाषा हो । यी सबै पढेलेखेका र माथिल्लो अहोदामा जागिरे व्यक्तिहरू हुन् । त्यसैले यिनीहरूलाई शिक्षित पात्रका रूपमा लिइन्छ । 'निर्वाण' उपन्यासका पात्रहरूलाई भाषा प्रयोगका आधारमा यसरी छुट्याउन सकिन्छ ।

**शिक्षित पात्रहरू**

| क.सं | शिक्षित पात्रहरू |
|---|---|
| १ | मोनिका |
| २ | युवती |
| ३ | जरिन |
| ४ | अनिश |
| ५ | सोफिया |
| ६ | युवक |
| ७ | नर्स |
| ८ | दीप्ति |
| ९ | बुवा |
| १० | बहिनी |
| ११ | मार्टिन |
| १२ | आर्या |
| १३ | अरूण |
| १४ | सविन |
| १५ | बिमल |
| १६ | नम्रता |

| | |
|---|---|
| १७ | मोटी महिला |
| १८ | युवक |
| १९ | विलियम निकोल |
| २० | अकिनो |
| २१ | मारिया |
| २२ | जुलिया |
| २३ | सुनिता |
| २४ | सरिता |
| २५ | डा. डीपी राओ |
| २६ | क्यारोलिना |
| २७ | शान्ति |
| २८ | शोमिता |
| २९ | गुरूदेव |
| ३० | इन्जिनियर |
| ३१ | डिपार्टमेन्ट |
| ३२ | मोनिकाका बा |
| ३३ | मोनिकाकी आमा |
| ३४ | मोनिकाको भाइ |
| ३५ | मनोवैज्ञानिक |

| **क.सं.** | **अशिक्षित पात्रहरू** |
|---|---|
| १ | अशोक |
| २ | आमा |
| ३ | सविना |
| ४ | श्वेताकी आमा |
| ५ | पाले (बुढो) |

**शिक्षित पात्रहरूले प्रयोग गरेका भाषाको विश्लेषण**

**मोनिकाको संवाद**

- यही जीवन कहिले सुखपूर्ण लाग्छ, सधैं बाँची रहुँजस्तो जस्तो, कहिले बाँच्नुपर्ने कुनै कारण म देख्दिनँ र अहिल्यै मरिहालुँ जस्तो लाग्छ । खानु, पिउनु, बिहा गर्नु, छोराछोरी जन्माउनु र हिड्नु मात्रै जीवन हो भने यो झर्को लाग्दो छैन त ? (पृ.८)
- 'त्यहाँ पुगेर आएकाहरूलाई पनि त सोध्न सकिन्छ । हाम्रा साथीभाइ र छर छिमेकीलाई हेर हामीलाई पढाउनेहरूलाई हेर यो देश चलाउनेहरूलाई हेर उसले पिउन लागेको ग्लास ओठसम्म लगेर रोकी, तिनको अनुहार तिमी नियाल, कस्तो निराशा छ, दुःखको कस्तो गाढा तस्बिर छ । कसैलाई उन्मुक्त हाँसेको देखेका छौ ? मलाई त लाग्छ, बाँच्ने नाममा जीवन जसोतसो घिसारिरहेका छन् मान्छेहरू । यस्तो हो भने जति बाँचे पनि के अर्थ ?' (पृ.८)
- 'फर्किएका जसलाई सोध्यौ र देख्यौ, ती टाकुरा सम्म पुगेका थिएनन् कि अथवा तिनले त्यहाँबाट कस्तो देखिन्छ भनेर हेर्दै हेरेनन कि ? तिनीहरूको आँखै कमजोर वा कामै नलाग्ने पनि हुन सक्छ ?' (पृ. ८)
- 'ऊ हेर तिनीहरूको अनुहार कस्तो विरसिलो अहिल्यै आत्महत्या गर्लान् जस्तो !' (पृ.१०)
- यादछ मैले तिमीलाई निधारमा चुम्बन गरिदएपछि तिमी चलमलाएका थियौ अचानक ।' (पृ.१०)
- 'म त्यति ढंगले बुझाउन सक्दिनँ, मेरा गुरू जान्नुहुन्छ यसबारे अब फर्केपछि उहाँकोमै जाँदैछु, तिमी जान्छौ भने लग्छु, अनि आफैं सोध्नु ।' (पृ.२२९)

**जरिनको संवाद**

- 'त्यो जीवन मैले आत्महत्या गरेर सक्नै लागि सकेको थिएँ, संयोगले त्यो हुन पाएन । बाँकी समय मेरा लागि बोनस हुने भयो । जहाँ गएर पनि तपाईलाई बिर्सने छैन ।' (पृ.४३)

**बहिनीको संवाद**

- आज कुनै स्पेसल अकेजन हो । ल भनिस्यो, के अकेजन हो ?' (पृ.७६)
- 'ह्याप्प ब्रदरर्स डे । यो वर्ष पनि भुलिस्यो हजुरले ।' (पृ.७६)
- 'म सँग त फुर्सदै फुर्सद छ, हजुर बरू फुर्सद निकालिस्यो ।' (पृ.७७)
- 'खै हजुरको मोबाइल दिस्यो ।' (पृ.७७)
- 'मैले भर्खर ल्याएकी थिएँ मेरो लागि भनेर, हजुरकोमा हालिदिन्छु म पछि गएर लिन्छु ।' (पृ.७७)
- 'दादा हजुरको मोबाइल साइलेन्ट मोडमा छ जस्तो छ, हेरिस्यो छ घण्टी नै बज्दैन ।' (पृ.७८)
- 'यसमा त रगतै रगत छ त ।' (पृ.७८)
- 'यो बाहुलामाथि सारिस्यो त । ' (पृ.७८)
- 'पहिला देखाइस्यो, कहाँ चोट लागेको हो, हेरूँ ।' (पृ.७८)
- 'कस्तो होइसिन्छ हजुर, यत्रो हुँदा पनि घरमा भनिसिन्न ।' (पृ.७८)
- 'मैले तेरो कुरा के मानिनँ आजसम्म, लौ भन् ?' (पृ.७९)
- 'पहिलेको हिसाब म राख्दिनँ, तर आज त मान्नै पर्छ । भनिस्यो मान्नु हुन्छ कि नाइँ ?' (पृ.७९)
- जे सुकै भननु मेरो दादाको स्वास्थ्य नै ठूलो हो ।' (पृ.८१)
- 'आज दिनभरि नै, हजुर अब यसरी नै आराम गरेर बस्नुपर्छ, बाहिर जान नपाई ।' (पृ.८०)
- 'म अहिल्यै अल्केमीमा र्गर हजुर बिरामी परेकाले अर्को सूचना नभए सम्मका लागि काउन्सिलिङ बन्द भन्ने सूचना टाँसिदिन्छु बरू ।' (पृ.८१)
- 'भनिस्यो त दा, यु आर इन लभ, राइट ?' (पृ.१७५)
- 'दा कंग्रयाचुलेसन ! फोटो देखाइस्यो त !' (पृ.१७६)

संवादहरूका आधारमा भाषाको शैक्षिक स्तरको तथा शिक्षित मानिसहरूको प्रयोग स्तरको भाषिक प्रयोग भएको देखिन्छ । प्रस्तुत उपन्यासका पात्रहरू मोनिका, जरिन, बहिनीले प्रयोग गरेका भाषाका आधारमा उनीहरूलाई शिक्षित पात्रका रूपमा लिन सकिन्छ । पात्रहरूले प्रयोग गरेको भाषाका माध्यमद्वारा वैचारिक र तार्किक पक्षको पनि सशक्त प्रयोग

भएको पाइन्छ । नेपाल र नेपाल प्रति श्रद्धाभाव, माटोको माया, साहित्यको संरक्षण र प्रवर्द्धनका लागि मार्गदर्शन प्रकृति र जडिबुटी प्रतिको मोह जसता भावहरूले प्रकट पात्रहरूले प्रयोग गरेको भाषाका आधारमा व्यक्त भएको पाइन्छ । त्यस्तै सचेत चेतनशील सत्यको मार्गमा हिड्न प्रेरित गर्न जागरूक शिक्षित नारी पात्रको रूपमा मोनिकाले प्रयोग गरेको भाषाबाट बुझ्न सकिन्छ । संवादमा प्रयोग भएका भाषाको आधारमा उपन्यासमा शिक्षित पात्रहरूको प्रयोग गरिएको पाइन्छ । जसले चेतना जगाउने खालका भाव शिक्षित पात्रहरूले प्रयोग गरेको संवादका आधारमा तथा पात्रहरूको भाषिक प्रयोगमा पाइन्छ ।

अन्य पात्रहरूमा दीप्ति, बुवा, मार्टिन, आर्या, युवक, डा. डिपि राओ, क्यारोलिना, शान्ति, शोमिता, गुरूदेव, नम्रता, मोटीमहिला, विलियम निकोल, अर्किनो, मारिया आदि पनि शिक्षित व्यक्तिहरू हुन् तर यी पात्रहरूमध्ये उपन्यासभित्र कसैको संवाद छ भने कसैको बारेमा प्रसङ्गमा मात्र कुरा गरिएको छ ।

**अशिक्षित पात्रहरूले प्रयोग गरेका भाषाको विश्लेषण**

**अशोकको संवाद**

- 'बाँबु कहाँ जाने ?' (पृ.५४)
- 'मलाई त लगेको थियो, तपाई सुनन्दा बाबुले पठाएको मान्छे हो ।' (पृ.५४)
- 'आजै आइपुग्ने कुरा थियो, म त लिन भनेर पो आएको ।' (पृ.५४)
- 'धत्तेरी ! त्यो मान्छे कहिले आउने होला अब ?' (पृ.५५)
- 'बाबु। ठूलो छाँगोमा त्यसरी एकैपटक पसेपछि मारिहाल्छ नि ।' (पृ.५५)
- 'लौ बाबु । 'यही हो मेरो कुटी, जति मन लाग्छ यही बसे हुन्छ । भोलि स्कुल पनि देखाइदिम्ला ।' (पृ.५७)

**आमाको संवाद**

- सब ठीक त छ कान्छा ?' (पृ.२३६)
- 'तिमीहरूको दिनदशा बिग्रिएको के खान जानुपरेको त्यति टाढा ।' (पृ.२३८)
- 'तेरा बा बिते ।' (पृ.२३८)

माथि उल्लेखित संवादहरूका आधारमा अशोक एक अशिक्षित पात्र हो । उनले सरलाई बाबुको सम्बोधन गरेको छ । त्यस्तै सुनन्दालाई पनि बाबु र सरलाई बाबु कहाँ जाने को सम्बोधन गरेको छ । त्यस्तै सरलाई बाबु र आउने सरलाई त्यो मान्छेको सम्बोधन गरी प्रयोग भएको भाषाका आधारमा ऊ एक अशिक्षित पात्र हो भन्न सकिन्छ । त्यस ैगरी आमाले प्रयोग गरेको भाषाका आधारमा पनि उनी एक अशिक्षित पात्र हो भन्न सकिन्छ । आफ्ना छोरालाई तेरा बा बिते भन्ने सम्बोधन गरेकी छिन् । त्यसैले उनी अशिक्षित पात्र हुन् ।

समग्रमा 'निर्वाण' उपन्यासका पात्रहरूलाई शिक्षित र अशिक्षितका रूपमा छुट्याउँदा उनीहरूले प्रयोग गरेका भाषा, बोली र संवादलाई आधार मानिएको छ । उपन्यासमा प्रयोग भएका भाषा शिक्षित व्यक्तिले प्रयोग गर्ने भाषा नै बढी देखिन्छ । धेरै पात्रको उपस्थिति देखाइ उपन्यासलाई पूर्णता दिइएको छ । उपन्यासमा प्रयोग भएको पात्रहरूको भाषामा हिन्दी नेपाली संस्कृत हुँदै अङ्ग्रेजी भाषाका शब्दहरूको समेत प्रयोग गरेको भाषा स्तरीय नेपाली मानक भाषाको रूपमा रहेको छ । खास गरी आधुनिक नेपाली समाजमा वा आधुनिक समाजमा हुने गरेको घटना र भाषिक प्रयोगलाई उपन्यासमा जीवन्त रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयोग भएका भाषा र संवादहरूमा कहिँकतै हास्य रस, कतै प्रेमरस, कतै विरह वेदना रिसराग तथा करूणाको, असङ्ख्य ज्वारभाटाहरू पाउन सकिन्छ । यो उपन्यास नै वियोगान्त भएकाले प्रस्तुत उपन्यासका अधिकांश संवादहरू कारूणिक रहेका छन् ।

भाषाद्वारा नै एक अर्काको इच्छा र विचार व्यक्त गर्ने भएकाले मानिसका अन्तर मनमा रहेका कुरा अरू समक्ष पुऱ्याउने माध्यम भाषा नै भएको हुनाले यसले एक व्यक्तिका मनभित्रका कुरालाई अर्को व्यक्तिसम्म पुऱ्याउने भएको हुनाले यसले एक काम गर्दछ । शिक्षाले नै भाषालाई परिष्कार गर्दै लैजाने काम गर्दछ । मानिसले शिक्षालाई एउटा सरल र सुखमय पार्नका लागि शिक्षालाई एउटा माध्यमका रूपमा लिएका हुन्छन् । समाजको हरेक व्यक्तिलाई शिक्षाको आवश्यकता पर्दछ । भाषा प्रयोगको सन्दर्भमा शिक्षित र अशिक्षित व्यक्तिले प्रयोग गरेका भाषामा आफूभन्दा ठुला र आदर गर्नुपर्ने व्यक्तिलाई आदर, सम्मान पूर्वक सम्बोधन गरेको पाइन्छ । उनीहरूले प्रयोग गर्ने भाषामा बढी सरलता पाइन्छ । यसले प्रयोगका रूपमा ल्याउन सहयोग पुऱ्याउँछ ।

'निर्वाण' उपन्यासमा शिक्षित र अशिक्षित व्यक्तिले प्रयोग गरेको भाषामा फरक पाइन्छ । जसले गर्दा उपन्यासमा भाषिक प्रयोगकर्ता रहेको कुरा स्पष्ट हुन्छ । उपन्यासमा अशिक्षित भन्दा शिक्षित पत्राहरूको भूमिका महत्त्वपूर्ण भएकाले अशिक्षितभन्दा शिक्षित पात्र र भाषाको स्थापन महत्त्वपूर्ण रहेको छ । समग्र उपन्यासमा प्रयोग भएको भाषालाई हेर्दा सरल, सहज र शिष्ट भाषाको प्रयोग भएको पाइन्छ ।

# अध्याय : पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

समाज र भाषाबिचको अन्तरसम्बन्धलाई केलाउने सामाजिक सम्बन्धको आधारमा भाषाको अध्ययन गर्ने ज्ञानको नयाँ विधा साामाजिक भाषा विज्ञान हो । भाषाको सैद्धान्तिक स्वरूपको अध्ययनले मात्र भाषिक प्रयोजन र व्याख्यापूर्ण हुन नसक्ने हुनाले भाषाको व्यावहारिक पक्ष र संरचना र स्वरूप दुवै पक्षको एकै साथ अध्ययन हुनुपर्ने आग्रहका साथ सामाजिक भाषाविज्ञानको उदय भएको देखिन्छ । भाषावैज्ञानिक अध्ययनको क्षेत्रमा सन् १९३० को दशकदेखि १९६० का दशकसम्ममा रूपान्तरणवादी भाषा वैज्ञानिक पद्धतिहरू र १९७० को दशकदेखि सामाजिक भाषा विज्ञानले महत्त्व पाउन थालेको देखिन्छ ।

सैद्धान्तिक पक्षका आधारमा नेपाली साहित्यका स्थापित कृतिहरूमा न्यून मात्रामा मात्र अध्ययन भएको हुनाले यस अध्ययनको औचित्य रहेको छ । यस अध्ययन कार्यलाई पूर्णता दिन पाँच अध्यायमा विभाजन गरी तिनीहरूलाई क्रमश : समाज भाषा विज्ञानको संक्षिप्त विश्लेषण, सैद्धान्तिक परिचय र आधारहरू 'निर्वाण' उपन्यासका पात्रहरूले प्रयोग गरेका भाषाका विभिन्न वर्गीय, लिङगीय, तथा शैक्षिक प्रयोग भएको भाषाको वर्गीकरण विश्लेषण विस्तृत रूपमा गरिएको छ भने यिनै कुरालाई सारांशका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

घनश्याम खड्काद्वारा लिखित 'निर्वाण' उपन्यास एक आधुनिक सामाजिक तथा ऐतिहासिक उपन्यास हो । इतिहासका घटनाक्रमहरूलाई समेटिएर लेखिएको यस उपन्यासमा आधुनिक समाजमा घटेका घटनाहरू आधुनिक परिवेश तथा आधुनिक नेपाली समाजको यथार्थ चित्रण पाइन्छ । आधुनिक समाजमा उच्चवर्गले निम्नवर्गमाथि गरेको अत्याचार, दमन र शोषण गर्दा उत्पन्न अराजक परिस्थितिमा सामान्य वर्गले पाएको दुःख र त्यसै सेरोफेरोमा फर्किदै गएको एउटा कलिलो प्रेमकथाको दुःखद अन्त्यले भरिएको यस उपन्यासले तत्कालिन परिवेशको जीवन्त झल्को प्रस्तुत गरेको पाइन्छ ।

समाज भाषा विज्ञान भाषाको समाजपरक अध्ययन हो । यसले भाषा र समाज बिचको अन्तरसम्बन्धलाई केलाउँछ । सामाजिक सम्बन्धका आधारमा भाषिक समाज, भाषा

नियोजना, भाषिक सम्पर्क, भाषाको मानकीकरण, आधुनिकीकरण, सामाजिक मिश्रणसँग भाषाको मिश्रित रूपको अध्ययन, विश्लेषण र व्याख्या गर्ने काम समाज भाषा विज्ञानले गर्दछ । भाषाको सामाजिक पक्षको विश्लेषण, भाषिक समुदायहरूको पहिचान भाषाको स्तरीकरण, मानकीकरण र आधुनिकीकरण, भाषिक भेद, समुदायमा भाषा प्रयोग सम्बन्धी ढाँचा, शैली र भाषिक परिवर्तन आदि क्षेत्रहरू समाज भाषा विज्ञान भाषा विज्ञानमा रहेका छन् । समाज भाषा विज्ञानमा विभिन्न भाषिक भेदहरू रहेका हुन्छन् । ती भाषिक भेदहरूमध्ये सामीजक भेदलाई प्रमुख मानिन्छ । सामाजिक भेदअन्तर्गत वर्गीय भेद, लैङ्गिक भेद, उमेरगत भेद र शैक्षिक भेद प्रमुख रहेका छन् । वर्गीय भेदअन्तर्गत उच्च, मध्यम र निम्न वर्ग, लैङ्गिक भेदअन्तर्गत पुलिङ्ग र स्त्रीलिङ्ग उमेरका आधारमा बाल, युवा, प्रौढ र वृद्ध र शैक्षिक भेदअन्तर्गत शिक्षित र अशिक्षित भेद रहेका छन् । समाजमा भाषिक अध्ययनले गर्ने गर्दछ । समाजमा बोलिने भाषाको वैज्ञानिक अध्ययन समाज भाषा विज्ञानले गर्दछ ।

अनुसन्धान प्रक्रियालाई अनुसन्धानको लक्ष्यसम्म पुग्नको लागि बनाइएको विस्तृत योजनालाई अध्ययनको ढाँचा भनिन्छ । अध्ययनको ढाँचाले अनुसन्धानमा मार्गनिर्देश गर्दछ । अनुसन्धान कसरी गर्ने के कस्ता साधनहरूको प्रयोग गर्ने, तथ्याङ्क विधि के हुन सूचना सङ्कलन कसरी गर्ने भन्ने आधारमा अनुसन्धानको ढाँचा निर्धारण गरिन्छ । 'निर्वाण' उपन्यासको समाज भाषिक अध्ययन शोधको उद्देश्य रहेकाले यस अध्ययनको उद्देश्य पुरा गर्नका लागि अध्ययनलाई व्यवस्थित, व्यावहारिक र वस्तुनिष्ठ बनाउन पुस्तकालयीय विधिका साथै व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । अध्ययनको क्षेत्र 'निर्वाण' उपन्यास रहेको छ । प्राथमिक तथा द्वितीय दुई किसिमका सामग्रीबाट तथ्याङ्क/सूचना सङ्कलन गरिएको छ । प्राथमिक सामग्री अन्तर्गत उपन्यासकार घनश्याम खड्काद्वारा लिखित 'निर्वाण' उपन्यासलाई लिइएको छ । द्वितीय सामग्री अन्तर्गत शोध शीर्षकसँग सम्बन्धित विभिन्न शोध पत्रहरू सामाजिक भाषा विज्ञान र यससँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, सामाजिक कोणबाट व्याख्या विश्लेषण गरिएका पाठ्यवस्तु भाषिक रूपमा सङ्कलित सूचनाहरू, प्रकाशित खोजमूलक लेखहरू, सुझाव प्रतिवेदनहरू रहेका छन् । साथै सम्बन्धित विज्ञहरूबाट पनि आवश्यक परामर्श लिएर सूचना सङ्कलन गरिएको छ । तथ्याङ्क विश्लेषण र मूल्याङ्कन पद्धतिका आधारमा विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीलाई व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्ष निकालिएको छ ।

प्रस्तुत उपन्यासमा वर्गीय विभेद देख्न पाइन्छ । बेग्ला बेग्लै परिवेश र समाजमा हुर्किएका पात्रहरू बिच विविधता देख्न पाइन्छ भने पात्रहरूको संवादमा अङ्ग्रेजी, हिन्दी तथा नेपाली संस्कृत भाषाका शब्दहरूले समेत प्रयोग पाइन्छ । उपन्यासमा प्रयोग भएको भाषामा भने स्पष्ट भिन्नता देख्न सकिन्छ । शिक्षित र अशिक्षित पात्रको भाषामा पुरुष र स्त्रीबिचको भाषामा तथा उच्च, मध्यम र निम्नवर्गीय पात्रको भाषमा पनि भाषिक भेद देख्न सकिन्छ । जातीय आधारमा पात्रहरूको भाषामा फरक पाइदैन ।

पुरुष पात्रहरू जरिन, मार्टिन, अशोक आदिले प्रयोग गरेको भाषा र माहिला पात्रहरू दीप्ति, मोनिका, श्वेता आदिले प्रयोग गर्ने भाषामा स्पष्ट विभेद पाइन्छ । यस्तो विभेद ध्वन्यात्मक गुण, रङ्ग, विभेद गर्ने क्षमता र शब्दभण्डारका दृष्टिमा प्रयोगपरक भेदहरू समेत देखिएको छ । त्यस्तै शैक्षिक दृष्टिकोणले 'निर्वाण' उपन्यास लेख्य रूपमा स्तरीय नेपाली भाषाको मानक रूपको प्रयोग भएको छ भने कथ्य रूपमा पारिवारिक जीवनमा प्रयोग हुने सामान्य चलन चल्तीका सरल भाषाको प्रयोग भएको पाइन्छ । उपन्यासमा शिक्षित पात्रले प्रयोग गरेको भाषा र अशिक्षितले प्रयोग गरेको भाषमा केही भिन्नता भए पनि धेरै कुरामा समानता पनि पाइन्छ । भाषा प्रयोगमा शब्द चयन र शब्द प्रयोग सरल हुनुका साथै सौन्दर्यता पनि विशेष किसिमको छ भन्न सकिन्छ । उपन्यास आधुनिक परिवेशमा आधारित भएको हुँदा यसमा प्रयोग गरिएको भाषा पनि स्थानीय सहरिया अंग्रेजी भाषा नै रहेको छ भन्न सकिन्छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोध शीर्षक 'निर्वाण' उपन्यासको समाज भाषिक अध्ययन भएकोले अनुसन्धान गर्ने क्रममा पुस्तकालयीय, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी प्राथमिक सामग्रीको रूपमा 'निर्वाण' उपन्यास र द्‌वितीय सामग्रीका रूपमा शोधसँग सम्बन्धित पाठ्यपुस्तक, पूर्वकार्य, पत्रपत्रिका आदि र पात्रहरूको भाषिक संवादका आधारमा निष्कर्ष निकालिएको छ, जुन निम्नानुसार छन् :

१. 'निर्वाण' उपन्यास उच्च, मध्यम र निम्न वर्गीय नेपालको पहाडी जिल्ला देखि विदेश सम्मको क्षेत्रलाई समेटेर लेखिएको सामाजिक यथार्थवादी उपन्यास हो ।

२. यो उपन्यासमा ज्ञानको अभावले सही समयमा निर्णय गर्न नसकेपछि मानव जीवन अस्तव्यस्त भइ रहँदाको जीवन भोगाइका तिता मिठा अनुभवहरूलाई यथार्थ चित्रण गरिएको छ ।

३. उपन्यासमा प्रयुक्त भाषाशैली सरल, सहज, सहस हुनुका साथै स्थान, परिवेश र पात्र अनुकूल रहेको छ ।

४. उपन्यासको उच्च, मध्य र निम्न पात्रहरूले प्रयोग गर्ने भाषमा धवन्यात्मक गुण, शब्दभण्डार र प्रयोजनपरक भेदमा विभेद रहेको छ ।

५. लैङ्गिक आधारमा महिला र पूरुषले प्रयोग गर्ने भाषामा स्पष्ट विभेद रहेको पाइन्छ ।

६. वर्गीय आधारमा उच्च, वर्ग, मध्यम वर्ग, निम्न वर्गले प्रयोग गरेको भाषिक विभेद रहेको पाइन्छ ।

७. उमेरगत आधारमा बाल, युवा, प्रौढ र वृद्ध पात्रहरूले प्रयोग गरेका भाषामा विभेद रहेको पाइन्छ ।

८. शैक्षिक अवस्थाका आधारमा उपन्यासमा शिक्षित र अशिक्षित पात्रहरू रहेका छन् जसमा शिक्षित पात्रहरूले प्रयोग गर्ने भाषा शुद्ध, मानक, स्तरीय र अङ्ग्रेजी कोड मिश्रण गरेको पाइन्छ भने अशिक्षित पात्रहरूको प्रयोग गर्ने भाषामा स्थानीय भाषिकाको प्रभाव परेकाले अशुद्ध, अमानक रहेको पाइन्छ ।

९. उपन्यासमा उच्च पात्र भन्दा, मध्यमपात्र मध्यम पात्रभन्दा, निम्नपात्र, शिक्षिचत भन्दा अशिक्षित महिला पात्रभन्दा पुरुष पात्र र बाल र वृद्ध पात्रभन्दा युवा प्रौढ पात्रहरूको बाहुल्य रहेको पाइन्छ ।

१०. उपन्यासमा स्थानगत परिवेश नेपालको पहाडी जिल्ला देखि विदेश सम्मको विभिन्न ठाउँलाई लिएको हुनाले स्थान र परिवेश अनुसार नेपाली र अङ्ग्रेजी भाषाको प्रयोग गरिएको छ ।

निष्कर्ष 'निर्वाण' उपन्यास घनश्याम खड्काद्वारा लिखित पहिलो उपन्यास हो । प्रस्तुत उपन्यास मार्फत उपन्यासकारले पाठकहरूलाई वैचारिक र इतिहाससँग सम्बन्धित जानकारीहरू पस्किन खोजेका छन् । उपन्यासमा वर्गीय आधारमा पात्रहरूलाई उच्च, मध्यम र निम्न वर्गमा वर्गीकरण गरिएको छ । लैङ्गिक आधारमा पुरुष र स्त्री पात्रहरूले प्रयोग गरेको भाषामा भिन्नता पाउन सकिन्छ । मुख्यतया नेपाली भाषाको मानक स्वरूपको प्रयोग

भएको यस उपन्यासमा हिन्दी, अङ्ग्रेजी तथा संस्कृत भाषाका शब्दहरूको समेत प्रयोग भएको पाइन्छ । समग्रमा 'निर्वाण' उपन्यासलाई ऐतिहासिक यथार्थवादी उपन्यास र सम्पूर्ण नेपाली उपन्यास क्षेत्रको एक महत्तवपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।

## ५.३ उपयोगिता

सामाजिक भाषा विज्ञानको शाखाको रूपमा समाज भाषाविज्ञान आएको हो । समाज भाषाविज्ञान भाषाको समाजपरक अध्ययन हो । समाज विना भाषाको कुनै पनि किसिमको अध्ययन पुरा हुन सक्दैन । त्यसैले भाषाको महत्त्व रहँदैन भने समाजको विकाससँगै भाषाको पनि विकास हुँदै जान्छ । भाषामा सैद्धान्तिक पक्षको साथै व्यावहारिक पक्षको समेत एकसाथ अध्ययन हुनुपर्ने मान्यताका साथ समाज भाषा विज्ञानको अध्ययनको आवश्यकता भएको मानिन्छ । कुनै पनि साहित्यिक कृतिको समाज भाषिक अध्ययन गर्दा समाजमा हुने गरेका अन्याय, अत्याचार, शोषण, वर्गीय तथा लैङ्गिक विभेद, अन्धविश्वास, रूढिवादी परम्परा र त्यसले जीवनमा पार्ने प्रभाव जस्ता कुरा थापा पाउन उपयोगी हुन्छ । यसका साथै समाजमा हुने अन्याय अत्याचार, शोषण, दमन, रूढिवादी परम्परा अन्धविश्वासलाई सुधार्दै लान समेत उपयोगी देखिन्छ । यसैगरी निम्न आधारमा समेत उपयोगिता पत्ता लगाउन सकिन्छ ।

### ५.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनको अनुसन्धान तथा निष्कर्षका क्रममा प्राप्त अनुभवका आधारमा समाज भाषिक आवश्यकताका लागि निम्नानुसारको नीतिगत उपयोगिता प्रस्तुत गरिएको छ :

१. 'निर्वाण' उपन्यासमा देखिएका परिवेश र भाषागत विभेदीकरणलाई थप अध्ययन गर्नु पर्ने देखिन्छ ।
२. सामाजिक तथा आधुनिक उपन्यासहरू वर्गीय भाषिक अध्ययनका लागि महत्त्वपूर्ण हुन्छन् । तसर्थ त्यस्ता उपन्यासहरूमा समाज भाषिक अध्ययन हुनु पर्ने देखिन्छ ।
३. समाज भाषिक अध्ययनले कुनै पनि कृति स्थानमा रहेको वास्तविक धरातललाई चिनाउने भएकाले समाज सुधारका लागि पनि यस्ता अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

४. समाज भाषिक अध्ययनलाई मूलत : सामाजिक भेदहरू स्वरूपमा केन्द्रित भएर अध्ययन गर्नु पर्ने देखिन्छ ।

### ५.३.२ प्रयोगगत तह

'निर्वाण' उपन्यासको समाज भाषिक अध्ययनले समाजमा भएका विभेद र त्यसले जीवनमा पार्ने प्रभावको व्याख्या गरेको छ । यो उपन्यासलाई वर्गीय, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा समाज भाषिक अध्ययन गरिएको छ । यस उपन्यासमा समाज भाषिक अध्ययनको शैक्षिक उपयोगलाई हेर्दा यसले भाषिक अध्ययनको क्षेत्रलाई बढाएको छ । भाषिक क्षेत्रमा नेपाली उपन्यासलाई वर्ग, लिङ्ग, र शैक्षिक आधारमा छुट्याउन सहयोग गर्दछ । साथै निम्नलिखित सन्दर्भमा यस शोध अध्ययनको शैक्षणिक प्रयोगमा ल्याउन सकिन्छ :

१. प्रस्तुत अध्ययनले उपन्यासमा प्रयुक्त भाषाको थप अध्ययन गर्न शिक्षक, विद्यार्थी र भाषाविद्हरूलाई सहयोग पुऱ्याउने देखिन्छ ।
२. साहित्यकार, शोधकर्ता, भाषाविद्हरूलाई नेपाली साहित्यका कृतिहरूको समाज भाषिक अध्ययन गर्न उपयोगी हुने देखिन्छ ।
३. उपन्यासमा प्रयोग गरिएको भाषाको स्वरूप र भाषिक विशेषता पहिचान गर्न मद्दत पुग्ने देखिन्छ ।
४. उपन्यासको पात्रहरूले प्रयोग गरेको भाषालाई वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाको आधारमा अध्ययन विश्लेषण गर्न सहयोगी हुने देखिन्छ ।
५. प्रस्तुत अध्ययनले पाठ्यक्रम निर्माण, शिक्षण विधिको छनोट, पाठ्यसामग्री निर्माण, सन्दर्भसामग्री निर्माण र भाषिक मूल्याङ्कन गर्न सहयोग हुने पुग्ने देखिन्छ ।
६. 'निर्वाण' उपन्यासमा प्रयोग गरिएको नेपाली र अङ्ग्रेजी भाषाको कोड मिश्रणको अध्ययन गर्न प्रस्तुत अध्ययन उपयोगी हुने देखिन्छ ।

# सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

आचार्य, कृष्णप्रसाद (२०६६), *सामान्य भाषा विज्ञान,* काठमाडौं : क्षितिज प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

अर्याल, कल्पना (२०६७), *अविरल बग्दछ इन्द्रावती उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अमात्य, सुजा (२०७१), *अधुरो उपन्यास अधुरो इच्छा उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खत्री, थमन बहादुर (२०६४), *सुकरातका पाइला उपन्यासको शैली वैज्ञानिक अध्ययन* त्रि.वि.वि. शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

घिमिरे, वासुदेव (२०६५), *सामजिक भाषा विज्ञान,* वाङ्मय प्रकाशन, कलम पोखरी, काठमाडौं ।

घिरिमे, चन्द्रकला (२०७१), *'प्रेम' उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभगा, कीर्तिपुरमा पुस्तक स्नातकोत्तर शोधपत्र ।

घिमिरे, दिनेश र निउरे, ध्रुव प्रसाद (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : सनसाइन पब्लिकेशन ।

घिमिरे, वासुदेवी (२०६५), *समाज भाषा विज्ञान,* काठमाडौं : बाङ्मय प्रकाशन ।

डाँगी, दिव्यश्वरी (२०६९), *माइतघर उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

डुम्रे, राजेन्द्र (२०६५), *'बसाइँ' उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभगा, कीर्तिपुरमा पुस्तक स्नातकोत्तर शोधपत्र ।

ढकाल, दयाराम (२०६८), *'एक पुर्ननिर्मित प्रेमख्यान' उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभगा, कीर्तिपुरमा पुस्तक स्नातकोत्तर शोधपत्र ।

ढकाल, भानुभक्त (२०६९), *नरेन्द्रदाइ उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, शान्ति प्रसाद (२०७१), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोज राज र दाहाल, दुर्गा प्रसाद (२०६९), *सामान्य र प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

पौडेल, जीवन (२०७०), *'मोदिआइन' उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभगा, कीर्तिपुरमा पुस्तक स्नातकोत्तर शोधपत्र ।

पौडेल, माधव प्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स प्रा.लि ।

भण्डारी, पारसमणि र पौड्याल सालिकराम (२०६७), *सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञान,* (ते.सं.) काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, शिशिर (२०७०), *प्रेमपिण्ड नाटकको समाजभाषिक अध्ययन,* स्नातकोर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

रिजाल, भगवता (२०७१), *'आज रमिता छ' उपन्यास समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभगा, कीर्तिपुरमा पुस्तक स्नातकोत्तर शोधपत्र ।

रोका, हिकमत (२०७०), *'मुलुक बाहिर' उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभगा, कीर्तिपुरमा पुस्तक स्नातकोत्तर शोधपत्र ।

लामिछाने, यादव प्रकाश (२०६९), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र प्रसाद (२०५५), *शोधविधि,* काठमाडौं : साझा प्रकाशन ।

शाही, वीरति (२०७१), *बाँसुरीमा नअटाएका धुनहरू नाटकको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

सुब्बा, शंकर (२०३४-२०६७), *साहित्यकार इन्द्रबहादुर राईको जीवनी व्यक्तित्व र कृतित्वको सर्वेक्षण,* स्नातकोर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, ओममाया (२०७०), *'दमिनी भीर' उपन्यासको समाज भाषिक अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभगा, कीर्तिपुरमा पुस्तक स्नातकोत्तर शोधपत्र ।

नेपाली, छविलाल (२०६३), *लङ्गडाको साथी उपन्यासको शैली वैज्ञानिक अध्ययन,* त्रि.वि.वि. शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | कोमल धामी |
| जन्म मिति | : | २०४७/०१/०४ |
| पिताको नाम | : | अमरसिंह धामी |
| माताको नाम | : | पार्वती धामी |
| जन्मस्थान | : | दार्चुला (खलंगा) ७ |
| लिङ्ग | : | महिला |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दू |
| भाषा | : | नेपाली, डोटेली, हिन्दी, अंग्रेजी |
| इमेल | : | *Komaldhami2@gmail.com* |
| मो.न. | : | ९८६१७१७६२० |

## शैक्षिक योग्यता

| क्र.सं. | तह | अध्ययन संस्था | उत्तीर्ण साल | श्रेणी |
|---|---|---|---|---|
| १ | एस.एल.सी | श्री छन्ना तिकरी कन्या मा.वि. खलंगा, दार्चुला | २०६२ | द्वितीय |
| २ | प्रमाण पत्र तह | श्री महेन्द्र नमुना उ.मा.वि. खलंगा दार्चुला | २०६५ | द्वितीय |
| ३ | स्नातक तह | दार्चुला बहुमुखी क्याम्पस खलंगा दार्चुला | २०६९ | द्वितीय |
| ४ | स्नातकोत्तर तह | काठमाडौं शिक्षा क्याम्पस रामशाह पथ | २०७२ | द्वितीय |